Co-funded by the European Union

SUOMI FINLAND

LOCAL ADAPTATION TO CLIMATE CHANGE
LACC PROJECT

# चरणवद्ध कार्यविधि

## कृषि-वन र जीविकोपार्जन योजना

असोज २०८२

परियोजनाको सुपेरिवेक्षण समितिबाट स्वीकृत







Cowater International

# विषय सुची

विषय सुची........................................................................................................१
प्राक्कथन..........................................................................................................२
कृषि-वन र जीविकोपार्जन योजनाको चरणबद्द कार्यविधि ........................................................३
१. सम्भाव्यता अध्ययन...........................................................................................४
२. सामुदायिक नक्साङ्कन..........................................................................................६
३. कृषक समूह /उपभोक्ता समिती गठन/पुनर्गठन र दर्ता...................................................१०
४. परियोजना, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण, जलवायु-मैत्री कृषि, र कृषिवन, वातावरण तथा जैविक विविधताको संरक्षण सम्बन्धी अभिमुखीकरण .........................................................१५
५. योजनाको विस्तृत रेखाङ्कन, प्राविधिक सर्वेक्षण, डिजाइन र लागत अनुमान.......................... २१
६. आर्थिक व्यवस्थापन (खरिद प्रक्रिया)* तथा लेखापालन र सामाग्रीको स्पेसिफिकेशन सम्बन्धी अभिमुखीकरण .... २३
७. सामुदायिक कार्ययोजना तयारी, प्रस्तुति तथा स्वीकृत................................................... २६
८. कार्यान्वयन चरणको अनुगमन..................................................................................२९
९. परियोजना व्यवस्थापन समिति बाट लागत इस्टिमेट स्वीकृत .............................................३०
१०.स्थानीय सरकार र कृषक समूह/उपभोक्ता समिती बिच सम्झौता ......................................... ३१
११. योजनाको सूचना बोर्ड....................................................................................... ३१
१२. क्षमता अभिवृद्धि तालिम..................................................................................... ३३
१३. योजनाका गतिबिधिहरुको कार्यन्वयन....................................................................... ३३
१४. अन्तिम अनुगमन तथा सार्वजनिक परीक्षण संचालन विधि................................................३४
१५. कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तयारी, र अन्तिम भुक्तानी.......................................... ३७
१६ः दिगो उत्पादन योजना (सेवा विस्तार तथा बजारीकरण)................................................ ४०
१७. क्रियाकलापको दिगोपना निगरानी तथा अनुगमन ..........................................................४२
अनुसूची १: सम्भाव्यता अध्ययन फाराम ..................................................................... ४४
अनुसूची २: विस्तृत प्राविधिक सर्वेक्षण फारम ................................................................. ४९
अनुसूची ३: कार्यान्वयन चरणको सम्झौतापत्रको नमुना ........................................................५३

## प्राक्कथन

यो चरणवद्ध कार्यविधि विगतमा योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा गरिएका सहभागितामूलक र अन्तरक्रियात्मक अनुभवबाट सबै सरोकारवालाहरुलाई दिशानिर्देश गरोस् भन्ने उद्धेश्यले तयार गरिएको छ। यो चरणबद्ध कार्यविधिमा प्रस्तुत प्रक्रियाले योजना तर्जुमा, कार्यान्वयन र कार्यान्वयन पश्चातको चरणहरुको लागि बहु-सरोकारवालाहरुलाई सहयोग पुर्याउने, यसको प्रयोगबाट कृषक समूह/उपभोक्ता समितीहरुमा अपनत्वको भावना जागृत गराई योजनाको दिगो उत्पादन र सन्चालनको सुनिश्चिततामा सहयोग पुर्याउने छ भन्ने आशा गरिएको छ।

यो चरणबद्ध कार्यविधि गाउँपालिका/नगरपालिकाबाट तयार गरिएको विभिन्न योजना तर्जुमा दस्तावेजहरुबाट प्राथमिकिकरण गरिएका तथा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिएका कृषि-वन र जीविकोपार्जन योजनाहरुमा लागु हुनेछ र सुरुवात देखिनै स्थानीय तह शासन प्रणालीसँग आबद्ध भएको हुन्छ। चरणबद्ध कार्यविधिमा तीन मूख्य चरणहरु छन् र प्रत्येक चरण छुट्टाछुट्टै प्रक्रियाहरुबाट निर्देशित हुन्छन् ।

तयारी चरणमा सहभागितात्मक, समावेशी तथा लैङ्गीक, अपाङ्गता मैत्री योजना व्यवस्थापनका औजारहरुको प्रयोग मार्फत प्राविधिक तथा सामाजिक रुपमा स्वीकार्य एवं सम्भावित आवश्यकतालाई सम्बोधन गर्ने र पहूँच विहीनहरुलाई प्राथमिकता दिने सवालमा सुनिश्चितता गर्दछ। यस चरणमा योजनाको दिगो सञ्चालनको लागि चरणबद्ध रुपमा जग बसाल्ने काम हुन्छ।

कार्यान्वयन चरणमा कृषक समूह/उपभोक्ता समितीलाई योजना कार्यान्वयनको दौरान गर्दै जाने सिक्दै जाने अवधारणा बमोजिम योजना अनुगमन एवं तालिमहरुको माध्यमबाट क्रमशः सक्षम बनाउदै लगिन्छ।


निर्माण पश्चातको चरणमा योजनाको दिगोपना, उत्पादन वृद्धि, सेवा विस्तार तथा बजारीकरण भइ सञ्चालनको लागि व्यवहारिक रुपमा क्षमता अभिवृद्धि गरिन्छ। हरेक योजनाको विशिष्ट अवस्था बमोजिम फरक प्रकारले सहयोग आवश्यक पर्ने भएकोले यसको लागि आवश्यक पर्ने विभिन्न विकल्पहरु समावेश गरी अलग्गै कार्यविधि तयार गरिएको छ।

योजनाहरु जलवायु परिर्वतन अनुकूलन विपद् जोखिम व्यवस्थापन सम्बन्धी अवधारणाहरु बमोजिम नै कार्यान्वयन भएका छन्। यसरी नै कृषक समूह/उपभोक्ता समितीहरुले आफ्नो क्षेत्रमा जलवायु उत्थानसिल, परिस्थितिकीय प्रणालीमा सुधार र जैविक विविधता संरक्षण क्रियाकलापहरु संचालन गरी कृषि तथा वातावरणीय सहनशिलता सहित समुदायको जीविकोपार्जनमा थप सुधार गर्नको लागि निरन्तर रुपमा महत्वपूर्ण भूमिका खेल्नेछन्।

चरणबद्ध कार्यविधि तथा यससँग सम्बन्धित क्षमता विकासका तत्वहरु दिनानुदिन विकसित र परिमार्जित हुंदै जाने भएकोले यस कार्यविधिमा भएका विषयवस्तुमा सुझाव तथा पृष्ठपोषण भएमा त्यसलाई सदैव स्वागत गरिनेछ तथा प्राप्त सिकाईहरुको आधारमा गरिने निरन्तरको सुधारपछि यस कार्यविधिलाई परियोजनाको अन्त्यसम्ममा कृषि-वन र जीविकोपार्जन सम्बन्धि योजनाहरुमा सबै निकायहरुले अनुसरण गर्न सक्ने गरी अन्तिम रुप प्रदान गरिनेछ।

# कृषि-वन र जीविकोपार्जन योजनाको चरणवद्ध कार्यविधि

## कृषि-वन र जीविकोपार्जन योजनाको चरणवद्ध कार्यविधि




*उपभोक्ता समितिहरुले खरिद प्रकृयाका लागि परियोजनाको सामुदायिक खरिद निर्देशिका पालना गर्नुपर्नेछ ।

** चरणवद्ध कार्यविधि अनुसारका क्षमता विकासका तालिमहरु

## १. सम्भाव्यता अध्ययन

गाउँपालिका/नगरपालिकाले तर्जुमा गरेको जीविकोपार्जन कार्यन्वयन योजना, कृषि सम्वन्धि योजना, जलउपयोग गुरु योजना, र अन्य कृषि सम्बन्धि योजनाबाट स्थानीय सरकारको योजना तर्जुमा प्रक्रियामा प्राथमिकतामा परेका योजनाहरुको प्राविधिक, वातावरणीय, सामाजिक र आर्थिक रुपले सम्भाव्य छन् कि छैनन् भनी सुनिश्चित गर्नु सम्भाव्यता अध्ययनको प्रमुख उद्देश्य हो। सम्भाव्यता अध्ययनले योजना निर्माणका साथै सञ्चालन तथा मर्मत सम्भारको लागि सामाजिक र वित्तिय सम्भाव्यताको विश्लेषण पनि गर्नु पर्दछ। यो अध्ययन गर्दा जलवायु परिर्वतन, विपद जोखिमको दृष्टिकोणबाट अनिवार्य ध्यान दिनु पर्दछ। यस अध्ययनबाट प्राप्त नतिजाको आधारमा योजनालाई परियोजनाबाट संचालन हुने स्थानीय सरकारको बार्षिक कार्यक्रममा समावेश गर्ने कि नगर्ने भन्ने विषयको निर्क्यौल गरिन्छ। अध्ययनकर्ताले प्रस्तावित योजनालाई तयारी चरणमा लैजाने नलैजाने वा शर्त सहित थप अध्ययन गरेर कार्यक्रममा समावेश गराउने वा योजनालाई अस्वीकार गर्ने भन्ने कुरा सिफारिस गर्दछ। शर्तसहित सिफारिस गरिएका योजनाहरुको हकमा उल्लेख गरिएका शर्तहरुमा थप अध्ययन तथा छलफल गरी योजनालाई स्वीकार गर्ने वा नगर्ने निर्णय गरिन्छ। असम्भाव्य योजनाहरुको थप प्रकृया अगाडि बढाइनेछैन। यो अध्ययन परियोजना कार्यान्वयन गर्ने पालिका एकाइका कर्मचारीहरुद्वारा गरिनेछ ।

**सम्भाव्यता अध्ययनको समयमा ध्यान दिनुपर्ने प्रमुख विषयहरुः**

- के यो योजना वास्तवमै समुदायद्धारा माग गरिएको हो ?
- के सम्पूर्ण कृषक समूह/उपभोक्ता समितीलाई योजना आवश्यक छ भन्ने कुरा महसुस भएको छ ?
- के प्रस्तावित योजना पुर्ण रुपमा नयाँ हो या सेवा बिस्तार ?
- के प्राविधिकरुपले समावेश गर्न सकिने कुनै कृषकहरु योजनाबाट छुटेका छन् ?
- के कृषक समूह/उपभोक्ता समिती आफूले गर्नुपर्ने लगानी नगद, श्रमदान (जनसहभागिता) को बारेमा सचेत छन् ?
- के प्रस्ताव गरिएको योजनामा प्रभाव पार्ने गरी कुनै किसिमको विवाद वा समुदायमा विवाद वा द्वन्द्व छ ?
- के यो योजना प्राविधिक, सामाजिक र आर्थिक रुपले दिगो हुनसक्छ ?
- के कृषक समूह/उपभोक्ता समितीहरु गाउँपालिका/नगरपालिकाको योजना तर्जुमा प्रक्रियाका प्राथमिकीकरणको बारेमा सचेत छन् ?
- योजना तर्जुमा प्रक्रियाले प्रस्ताव गरेको यस योजना यथार्थपरक छ ? यदि छैन भने, के परिवर्तन आवश्यक छ ?

### मुख्य उद्देश्यहरूः

**स्रोत पहिचानः** कृषि-वन र जीविकोपार्जनका लागि आवश्यक मानवीय र आर्थिक स्रोतहरू तथा सामग्रीको उपलब्धता र ढुवानीका माध्यमहरू पत्ता लगाउने।

**प्रविधि नापजाँचः** प्रस्तावित कृषि-वन र जीविकोपार्जन योजनाको लागि कुन प्रविधिहरू उपयुक्त छन् भनी निश्चित गर्ने।

**वातावरणीय र सामाजिक प्रभाव अनुमान**ः योजनाले वातावरण र समाजमा पार्ने सकारात्मक वा नकारात्मक असरहरू अनुमान गर्ने।

**सामुदायिक लाभ विश्लेषण**ः स्थानीय समुदायका लागि परियोजना आर्थिक, सामाजिक र जीविकोपार्जन का दृष्टिकोणले कत्तिको फाइदाजनक छ भन्ने विश्लेषण गर्ने।

**प्रारम्भिक लागत र जोखिम आँकलन**ः योजनाको अनुमानित लागत र सम्भावित जोखिमहरूको मोटामोटी अनुमान गर्ने, जसले विस्तृत योजनाका लागि आधार तयार गर्छ।

**कानुनी र नीतिगत सुनिश्चितता**ः योजना कानुनी तथा नीतिगत हिसाबले स्वीकार्य छ कि छैन भनी सुनिश्चित गर्ने।

## सम्भाव्यता अध्ययनका चरणहरु

प्रस्ताव गरिएका योजनाको बारेमा छलफल गर्न कृषक समूह/उपभोक्ता समितिको वैठक वा कृषकहरुको भेला आयोजना गर्ने। उक्त बैठक वा भेलामा तपशिल बमोजिमका विषयबस्तुहरुमा छलफल गर्ने ।

- कृषक समूह/उपभोक्ता समितीको विद्यमान अवस्थाको बारेमा जानकारी लिनका लागि प्रस्तावित योजना क्षेत्रको भ्रमण गर्ने।
- लाभान्वित कृषक/जनसंख्या एकिन गरी कृषि-वन र जीविकोपार्जन योजनाको लागी आवश्यक पर्ने ठाँउको उचाई, चार किल्ला, माटो, खेती योग्य जमिनको क्षेत्रफल, बाझो जमिनको क्षेत्रफल, मोहडा, प्रकाशको अवस्था, भिरालोपना, संरक्षणका प्रयासहरु र चुनौतीहरुको विवरण संकलन गर्ने।
- कृषक समूह/उपभोक्ता समितीको बिधानको बारेमा छलफल गर्ने।
- कृषि-वन र जीविकोपार्जन योजनाको मुख्य चुनौतीहरु तथा समाधानका उपायहरुको बारेमा छलफल।यसै सँग संलग्न फाराममा आवश्यक जानकारीहरु भर्ने।
- उक्त छलफलको विषयवस्तु माइन्युट गरि यदि कार्यान्यिन चरणमा जाने भए आगामी कृषकभेला मार्फत अनुमोदन गर्ने।
- योजना स्तरीय कृषक समूह /उपभोक्ता समितीहरुको भेला आयोजना गर्ने । कृषक भेलामा कम्तिमा ७५% घरधुरीको उपस्थिति र त्यसमा ५०% महिलाको अनिवार्य उपस्थिति हुनु पर्दछ । भेलामा विभिन्न टोलबाट सबै जातीय समुदायको समानुपातिक प्रतिनिधित्व हुनु पर्दछ । यदि सोही वमोजिम उपस्थिति नभएको अवस्थामा सोको पुष्ट्याई आवश्यक हुन्छ ।
- कृषक/उपभोक्ता भेला वडा समितिका सदस्यहरु र गाउँपालिका/नगरपालिकाका प्रतिनिधिहरुको अनिवार्य सहभागिता हुनुपर्दछ ।

कृषक/उपभोक्ताभेला तपशील अनुसारको विषयहरुका छलफल गरिनु पर्दछ ।

- ✓ परियोजनाको काम गर्ने पद्धति
- ✓ लगानी बाँडफाँड
- ✓ कृषक समूह/उपभोक्ता समितिको संरचना, जिम्मेवारी र भूमिका
- ✓ अन्य साझेदारहरुको जिम्मेवारी र भूमिका (गाउँपालिका/नगरपालिका, परियोजना तथा अन्य साझेदारहरु)
- ✓ योजना कार्यान्वयन प्रक्रिया

प्रस्तावित कृषि-वन र जीविकोपार्जन योजनाहरुको बिस्तृत सम्भाव्यता अध्ययन् सम्भाव्यता अध्ययन फारम **अनुसूची १** मा द्वारा गरिनेछ ।

## २. सामुदायिक नक्साङ्कन

सामुदायिक नक्साङ्कन, योजना तर्जुमा तथा समुदाय परिचालनको महत्वपुर्ण खुड्किला हो। यस पश्चात मात्र कृषक समूह/उपभोक्ता समिति गठन प्रक्रिया शुरु हुन्छ।

सामुदायिक नक्साङ्कन समुदायको प्रारम्भिक जानकारी सङकलन गर्ने एउटा महत्वपूर्ण एवं सहभागितात्मक विधि हो । यस विधिमा समुदायको नक्सा तयार गरिन्छ जसमा घरधुरी, जनसंख्याको तथ्याङ्क (महिला, पुरुष, वयस्क, बालबालिका, भुमिहीन, साक्षर, निरक्षर, आदि) साथै सामाजिक संरचना र उक्त स्थानमा अवस्थित संघ संस्थाको जानकारी समावेश भएको हुन्छ । परियोजनाको नियमानुसार समुदायले भावी योजना (खानेपानी, स्वास्थ्य तथा सरसफाइ, सिँचाई, सुधारिएको चुलो पानीघट्ट बातावरण संरक्षण कृषि-वन प्रणाली लगायत जीविकोपार्जनका कृयाकलापहरु) ले सेवा प्रदान गर्ने स्थानको चित्रण पनि यसै सामाजिक नक्सा मा तयार गरिएको हुनु पर्दछ ।

सामुदायिक नक्साङ्कन अन्तर्गत समुदायका महिला तथा पुरुषहरु (दलित, जनजाति, बाह्मण/क्षेत्री/ठकुरी /सन्यासी र अन्य) स्वयंले आफ्नो समुदायको नक्सा तयार पार्दछन् । सामुदायिक नक्सा बनाउदा स्थानीय रुपमा उपलब्ध हुने सामग्रीहरु जस्तै खरानी, बालुवा, ढुङ्गा, पात, लठ्ठी, कोइला, चक इत्यादिको प्रयोग गर्नु पर्दछ । फरक समुदाय र उपलब्धताको आधारमा केही फरक सामग्रीको पनि प्रयोग गर्न सकिन्छ जस्तै कलम, कागज, कलर पेन्सिल आदि । समुदाय क्षेत्रको सेटेलाइट नक्सा उपलव्ध भएमा उक्त नक्सा समेत प्रीण्ट गरेर वा प्रोजेक्टरमा देखाउन सकिन्छ ।

**सामुदायिक नक्सा को उपयोगः**

- योजना रेखाङ्कनको लागि आधार
- समुदायको अवस्थिति, वर्तमान भौतिक पूर्वाधार, कृषि तथा खेती योग्य क्षेत्र, वन क्षेत्र, जलाधार क्षेत्र, जोखिम स्थानहरु, सार्वजनिक संरचना, घरधुरी जनसंख्या, जातीय समुदाय, आदिको तथ्याङ्क
- समुदायमा भएका सामाजिक संघसंस्थाहरुको बारेमा र उक्त संघ संस्थाहरुप्रति समुदायको धारणाको बारे जानकारी,
- उक्त स्थानको सिमानाको बारेमा जानकारी,
- त्यस स्थानमा उपलब्ध स्थानीय तथा प्राकृतिक श्रोतको जानकारी,
- समुदायमा बिद्यमान प्राकृतिक जोखिम स्थानहरुको पहिचान तथा जानकारी,
- जिवकोपार्जनमा आधारित कृषि-बन पद्धती बारे जानकारी गराउने ।

**प्रक्रिया**

- सर्वप्रथम स्थानीय व्यक्तिहरु, महिला/पुरुष, वालवालिका, वयस्क तथा सवै जातीय समुदायका मानिसहरुसँग भेट गर्दै योजना क्षेत्रको भ्रमण गरी विद्यमान खेती योग्य जमीन को अवस्था, बाझो जमीनको अवस्था , भौतिक पूर्वाधारहरु, वस्तीको प्रकार, सामाजिक संरचना, प्राकृतिक जोखिम स्थानहरु आदिका वारेमा छलफल गर्नुहोस् । यसले समुदायसँग सम्बन्ध विकास गर्न समेत सहयोग पुग्दछ ।

- समुदायको कृषकभेला वोलाउन लगाउने । भेलाको समय र स्थान महिला तथा सबै क्षेत्रका मानिसहरूलाई पाएक पर्ने गरी तय गर्न लगाउनुहोस् । सबै वर्ग, जातीय समूह तथा क्षेत्रका मानिसहरुको प्रतिनिधित्वको लागि प्रोत्साहित गर्नुहोस् । यस्तो भेलामा सबै क्षेत्रका सबै जातीय समुदायको समानुपातिक प्रतिनिधित्व र महिलाहरुको आधा प्रतिनिधित्व अनिवार्य हुन्छ ।
- सामाजिक नक्सा बनाउने कार्य सुरु गर्नु भन्दा पहिला सहजकर्ताले आफ्नो परिचय, कार्यक्रमको उद्देश्य, बैठकका प्रस्ताव, सहभागीबाट गरिएको आशा-अपेक्षा सम्पूर्ण कुराको बिस्तृत जानकारी दिनु पर्दछ । उपस्थित सहभागीहरुले कार्यक्रमको उद्देश्य बुझे नबुझेको र कत्तिको सहज महशुश गरेका छन्, सो कुराको पनि जानकारी लिनु पर्दछ ।
- सर्वप्रथम नक्सामा के के कुरा नक्साङ्कन गर्ने निर्णय गर्नु पर्दछ जस्तैः गाउँ, कुनै जातिगत बाहुल्यता, जलाधार क्षेत्र, खेती योग्य जमीन, बाझो जमीनआदि ।
- स्थानीय व्यक्तिहरुको सहयोगमा सामाजिक नक्सा बनाउन सकिने ठाउँको निर्णय गर्नु पर्दछ साथै नक्सा बनाउन आवश्यक सामग्रीहरु स्थानीय रुपमा उपलब्ध छन् कि छैनन् थाहा पाउनु पर्दछ ।
- समुदायका व्यक्तिहरुसँग सम्बन्ध विस्तार गरिसकेपछि स्थानीय व्यक्तिहरुबाट नै नक्सा को घेरा हाल्न सुरु गर्नु पर्दछ । सुरुमा सहजीकरण गर्ने र पछि स्थानीय व्यक्तिहरुलाई नै नक्सा कोर्न लगाउने साथै महत्वपूर्ण कुराहरु नछुटाउने जस्तैः मठ मन्दिर, विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवनहरु, व्यापारिक केन्द्रहरु, हाट बाजार तथा कृषि उपज संकलन केन्द्र, खेती योग्य जमीन, बाझो जमीन, घरधुरीका प्रकारहरु आदि ।
- घरबगैंचा भएको घर, दलित जनजातिको घर, महिला मूली भएका घर, ठूलो परिवार संख्या भएका घर, अपाङ्गता भएका व्यक्तिहरुको घर सबै लाई अलग रंग लगाउने ।
- यदि नक्सा जमिनमा बनाइएको छ भने स्थानीय व्यक्तिलाई पूर्व, पश्चिम दिशा छुटाउने गरी कागजमा उतार्न लगाउने ।उत्तरी दिशालाई कागतको माथीको भागमा हुने गरि उतार्ने ।कुनै कुरा सच्चाउन आवश्यक भएमा सच्चाउने ।
- आफूले अगुवाई नगर्ने, समुदायलाई अग्रसर गराउने, आवश्यक भएको ठाउँ सहयोग गर्ने ।
- जमिनमा बनाइएको नक्सा मा कुनै कुरा छुटे नछुटेको हेर्ने । यदि छुटेको भए कागजमा उतारिएको नक्सा मा समावेश गर्न लगाउने ।
- सङ्कलित सूचनाहरु के कुरामा प्रयोग गरिनेछ भन्ने कुरा स्थानीय व्यक्तिहरुलाइ पुनः एकपटक जानकारी गराउने । ती व्यक्तिहरुलाई यस नक्सा को फाइदा र यसको उपयोगिताबारे जानकारी दिने र समय दिनु भएकोमा धन्यवाद दिने ।

**नक्सामा समावेश गरिनु पर्ने सूचनाहरु**


सामुदायिक नक्सा बनाउँदा निम्न बुँदाहरू आवश्यक रुपमा समावेश गर्नेः

- समुदायको भौतिक सिमानाहरु साथै टोलका नामहरु
- भौगोलिक अवस्थाहरु जस्तैः हिमाल, वन जङ्गल, बाटाघाटा, नदी, गाउँ देखि मोटर बाटोसम्मको दूरी, खेती योग्य जमिन, चरन क्षेत्र, सामुदायिक जमिन र त्यसको उपयोगिता, बालुवा खानी, ढुङ्गा खानी, बाँस, घर छाउने ढुङ्गा, ग्रिन हाउस र कृषि पकेट क्षेत्र आदि ।
- माथि उल्लेखित कुनै निर्माणाधीन/योजनामा रहेका योजनाहरु

- संघ संस्थाहरु (विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय भवन, बैंक र अन्य कार्यालयहरु)
- फोहर फाल्ने ठाउँ,
- हाट बजार तथा कृषि उपज संकलन केन्द्रहरु
- उत्तर दिशा नक्सामा देखाइएको हुनुपर्ने
- नक्सा तयार गरेको मिति
- सम्पूर्ण संकेतको विवरण कुनै एक कुनामा लेखिएको हुनु पर्नेछ
- गाउँपालिका/नगरपालिकाको नाम, वडा नम्बर र टोलको नाम नक्साको माथि लेख्नु पर्दछ
- जम्मा घरधुरी संख्या, महिला घरमूली भएको घरसंख्या, जनसंख्या (महिला, पुरुष, जम्मा),
- जम्मा उपस्थिति महिला र पुरुष सहित (दलित, जनजाति, बाह्मण क्षेत्री ठकुरी सन्यासी र अन्य)
- अन्य महत्वपूर्ण संरचनाहरु जस्तैः मन्दिर, पार्क, बैठक बस्ने स्थान, बजार, हाटबजार , संङ्कलन केन्द्रहरु, पसलहरु, आदि
- खेती योग्य बालीहरु (जस्तै धान, मकै, गहु,कोदो, फापर, तरकारी उत्पादन आदी)
- औषधीजन्य बिरुवाहरु (जस्तै टिमुर, दालचिनी, कुरिलो आदी) तथा गैरकाष्ट वन पैदावारहरु ( जस्तै उतिस, बाँस, अल्लो, केतुकी आदी)
- मुख्य खेती योग्य क्षेत्रहरु (जस्तै : खेती योग्य जमीन ,बाझो जमिन, खेती योग्य बाझो जमिन आदी)
- आकस्मिक बिपद् समयका लागि सुरक्षित स्थानहरु ( जस्तै खुल्ला चौर भवन तथा अग्लो स्थानहरु आदी)

**सामुदायिक नक्सा को नमुना तल उल्लेख गरीएको छ।**

## सामुदायिक नक्साः मुसेगडा समुदाय/ मितिः २०७९/०८/११




नोटः प्रस्तावित कृषि-वन र जीविकोपार्जन योजनाको ले-आउट र योजना स्थान यस सामुदायिक स्रोत नक्साङ्कन मा समेत उल्लेख गर्नुपर्नेछ।

**सामुदायिक नक्साङ्कनका सहभागीहरुको विवरण परियोजनाको हाजिर रजिस्टरमा अध्यावधिक गरिनेछः**

# ३. कृषक समूह/उपभोक्ता समिती गठन/पुनर्गठन र दर्ता

समूह वा समितिको गठन/पुनर्गठन भन्नाले कृषक समूह/उपभोक्ता समिती को गठन वा पुनर्गठन भन्ने बुझिन्छ। यस परियोजना अन्तर्गतका कृषि-वन र जीविकोपार्जन योजनाहरु कृषक वा वन उपभोक्ता समूहद्वारा सञ्चालन गरिनेछ। यदि लैङ्गिक समानता, अपाङ्गता र सामुदायिक समावेशीकरणको हिसाबले गठित समूह पूर्ण नभएमा, उक्त समूह पुनर्गठन गर्नुपर्नेछ।

लाभान्वित घरधूरीहरुको पहिचान र सशक्तीकरणको प्रक्रियाबाट प्राप्त जानकारीको आधारमा लाभान्वित घरधूरीहरुको पहिचान गरी तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। साथै महिला, दलित, विपन्न, आदिवासी, जनजाति, अपाङ्गता भएका, नजिक तथा टाढाका उपभोक्ता, अल्पसंख्यक, परम्परागत संस्था र समान चासो भएका उपसमूहहरूसँग जानकारी सङ्कलन गर्नुपर्दछ। त्यसपछि उक्त विधानको मस्यौदालाई कृषक भेलामा प्रस्तुत गरी पारित गर्नुपर्दछ।

कृषक समूह/उपभोक्ता समिति गठन/पुनर्गठन गर्दा निम्न बमोजिमका प्रक्रियाहरू अवलम्बन गर्नुपर्नेछः

## ३.१ जानकारी सङ्कलन तथा समन्वय

कृषक समूह/उपभोक्ता समिती गठन/पुनर्गठन गर्दा कृषक भेलाको निर्णय गराई सम्बन्धित कृषक समूह,लाभान्वित घरधूरीहरु, वडा तथा पालिकाको कृषि शाखा, स्थानीय सरकार लगायतका सरोकारवालाहरूलाई जानकारी गराई उपस्थितिको लागि सूचित गर्ने।

लाभान्वित कृषक समूह/ उपभोक्ता समिती भित्रका घरधुरी संख्या, महिला, दलित, विपन्न, आदिवासी जनजाति, अपाङ्गता, उत्पादनशील स्रोतप्रति पहुँच तथा पहुँचको अवस्था, कृषि र वन बीचको सम्बन्ध, कृषि-वन उत्पादनसँगको जीविकोपार्जन र प्राथमिक सम्बन्ध, उपभोक्ताहरूले भोगेका समस्या तथा अन्य जानकारीहरूलाई बुँदागत रूपमा विश्लेषण गरी कृषक समूह/उपभोक्ता समिती गठन गर्नुपर्दछ।

## ३.२. कृषक समूह/उपभोक्ता समितीको कार्यसमिति गठन/पुनर्गठन सम्बन्धी

यदि कृषक समूह/उपभोक्ता समितीको कार्यसमिति परियोजनाको लैङ्गिक समानता, अपाङ्गता तथा सामुदायिक समावेशीकरणको न्यूनतम मापदण्ड भित्र रहेको खण्डमा उक्त कृषक समूह/ उपभोक्ता समितीको कार्यसमिति नै कृषि-वन र जीविकोपार्जन योजना सञ्चालन गर्दा उपभोक्ता समितिको रूपमा लिई काम गर्नु पर्नेछ । यदि कृषक समूह/उपभोक्ता समितीको गठित कार्य समिति परियोजनाको मापदण्ड भित्र नभएको देखिएमा उक्त कृषक समूह/उपभोक्ता समितीको कार्यसमिति पुनर्गठन गर्नु पर्नेछ र सो कार्य कृषि कार्यक्रमको विधान तथा कृषि मार्गदर्शन २०८१ बमोजिम गरिनेछ।

**कृषक समूह/उपभोक्ता समितीको कार्य समितिको संरचना**

कृषक समूह/उपभोक्ता समितीको कार्य समितिले समग्र योजना क्षेत्रको प्रतिनिधित्व गर्ने भएकोले कृषक समूह/ उपभोक्ता समितीको कार्य समितिको संरचना कस्तो हुनुपर्दछ भनी पहिला नै मोटामोटी निक्यौल गर्नुपर्दछ जसमा सबै समुदायलाई उचित तरिकाले प्रतिनिधित्व गर्न सक्ने कृषक समूह/उपभोक्ता समितीको कार्य समिति गठन गर्नुपर्दछ । परियोजना अन्तर्गत कृषक समूह/उपभोक्ता समितीको कार्य समितिहरुको संरचनाको लागि निम्न वमोजिम हुनुपर्दछ ।

क) सामान्यतः कृषक समूह/उपभोक्ता समितीको कार्य समिति कम्तीमा सात जना सम्मको हुनपर्नेछ र जसमा सबै टोल तथा बस्तीका समूह सदस्यहरु पर्नेगरी चयन गर्नुपर्नेछ ।समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा तीन देखि सात जना सम्म सदस्यहरु रहनेछन् ।

ख) महिलाहरु कृषि क्रियाकलापमा धेरै संलग्न हुने भएकोले कृषक समूह/उपभोक्ता समितिमा महिलाहरुको अनिवार्य सहभागिता तथा भूमिका हुनुपर्दछ। ।कुल सदस्य संख्याको कम्तिमा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्दछ ।साधारणतयाः विजोर संख्यामा कृषक समूह/उपभोक्ता समितीको कार्य समिति गठन हुने भएकोले महिलाको संख्या एक कम वा बढि भएमा त्यसलाई आधा संख्यामा प्रतिनिधित्व भएको मानिनेछ ।(जस्तैः ७ जनाको समितिमा महिलाको संख्या ३ वा ४ हुनुपर्दछ)।कृषक समूह/ उपभोक्ता समितिमा अध्यक्ष वा उपाध्यक्ष मध्ये एक जना र अन्य पदाधिकारीमा समेत महिला प्रतिनिधित्व हुनुपर्दछ । कृषक समूह/ उपभोक्ता समितिमा भएका मुख्य पदहरु (अध्यक्ष उपाध्यक्ष सचिव कोषाध्यक्ष) मध्येमा पनि कम्तीमा आधा महिला हुनपर्दछ ।

ग) कृषक समूह/उपभोक्ता समितीको कार्य समितिमा सबै जातीय समुदाय तथा टोल बस्तीहरुको सन्तुलित प्रतिनिधित्व हुनुपर्दछ । पछाडि परेका वर्गको समेत समितिमा समानुपातिक प्रतिनिधित्व आवश्यक हुन्छ । महिला तथा पछाडि परेका वर्गलाई सम्भावित कृषक समूह/ उपभोक्ता समितीको कार्य समितिको सदस्य हुनको लागि प्रोत्साहन गर्नुपर्दछ ।

घ) एउटा योजनामा एउटा मात्र कृषक समूह/उपभोक्ता समिती कार्य समिति हुनुपर्दछ।कृषक समूह/ उपभोक्ता समिती कार्यसमितिका सबै सदस्यहरु समूहका अन्य सदस्य मध्येबाट मात्र हुनुपर्दछ ।

ङ) कृषक समूह/उपभोक्ता समितीका कार्य समितिले भेदभाव रहित, सहभागीतामुलक र जवाफदेहिता जस्ता आधारभूत कुरा पालना गर्नु पर्दछ र नियमित रुपमा भेटघाट गर्न सक्ने हुनुपर्दछ ।

**कृषक समूह/** उपभोक्ता समिती**को कार्य समितिमा प्रतिनिधि हुन आवश्यक पर्ने कुराहरु**

सम्बन्धित कृषक समूह का सदस्यहरूले कृषक समूह/ उपभोक्ता समितीको कार्य समितिको प्रतिनिधिको रुपमा आफ्नो दायित्व बहन गर्न सक्ने कुनै महिला वा पुरुष जोसुकैलाई पनि स्वतन्त्र रुपमा छनौट गर्न सक्छन् । केवल सक्रिय र विश्वासिलो कृषक समूह/ उपभोक्ता समितिले मात्र सफलतापूर्वक योजनाको कार्यान्वयन तथा सन्चालन गर्न सक्दछ । सामान्यतयाः कृषक समूह/ उपभोक्ता समितिमा प्रतिनिधि हुन निम्नअनुसारको गुण तथा क्षमता भएको व्यक्ति हुनुपर्दछः

- समाजसेवी र सहयोगी भावना भएको, सबैको सहभागितामा प्रोत्साहन गर्ने ,
- राजनीतिमा प्रत्यक्ष संलग्न नभएको वा नेतृत्व नलिएको ,
- समुदायमा भरपर्दो व्यक्तिको रुपमा पहिचान भएको तथा विश्वासिलो ,
- उपभोक्ताहरु वा समूह का सदश्यहरुलाई जुनसुकै परिस्थितिमा पनि परिचालन गर्न सक्ने ,
- काम गर्नको लागि पर्याप्त समय दिन सक्ने ,
- सामुदायिक रुपले उच्च नैतिक चरित्र भएको, पारदर्शी र भष्टचाररहित तवरमा काम गर्न प्रतिवद्ध
- योजना क्षेत्रमा स्थायी रुपमा बसोवास गरेको र बसाइ सरेर जाने योजना नभएको ,
- कुनै पनि प्रकारका योजनामा आर्थिक अनियमितता गरेको प्रमाणित नभएको, पूर्व अख्तियारीमा रहेको व्यक्ति भए सो व्यक्तिका नाममा कुनै बेरूजू नरहेको प्रमाणित भएको।
- पदाधिकारीमा रहने प्रतिनिधि साक्षर भएमा राम्रो हुने,

- नेपाल सरकारको प्रावधान वमोजिम जनप्रतिनिधिहरु, विद्यालयका शिक्षकहरु, सरकारी कर्मचारीहरु तथा अन्य कुनै संस्था/निकाय तथा राजनैतिक दलको मूख्य पदमा कार्यरत व्यक्तिहरु कृषक समूह समितिमा रहन नपाउने।

**कृषक समूह/** उपभोक्ता समितीको **कार्य समिति गठन प्रक्रिया**

कृषक समूह/ उपभोक्ता समितीको कार्य समिति गठन गर्दा निम्न कुराहरूलाई आधारमा गर्नुपर्दछ ।

क) कृषक/उपभोक्ताहरु तथा समूह का सदस्यहरूको कृषक भेला बोलाउने र सबै क्षेत्रबाट निर्धारित संख्यामा कृषक/उपभोक्ताहरु सहभागी भएको कुरा सुनिश्चित गर्ने, पर्याप्त संख्यामा कृषक/उपभोक्ताहरु जम्मा भएको सुनिश्चित भएपछि छलफलको विषयवस्तु प्रस्तुत गर्ने । कृषक/उपभोक्तासंग सम्वन्ध स्थापना गर्न उनीहरुको दैनिक गतिविधिको बारेमा कुराकानी सुरु गर्ने ।तत् पश्चात छलफलका विषय वस्तुमा प्रवेश गर्ने र कृषक समूह /उपभोक्ता समितीको कार्य समिति गठन सन्दर्भमा जानकारी दिने ।

ख) प्रस्तावित योजनाको आकार तथा लाभान्वित क्षेत्रको वस्तुस्थितिलाई ध्यान दिई कृषक समूह/उपभोक्ता समितीको कार्य समितिका सदस्यको संख्या निर्धारण गर्न लगाउने संख्या निर्धारण भैसकेपछि समानुपातिक प्रतिनिधित्वको लागि महिला तथा विभिन्न जाति, वर्ग र भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने संख्या एकिन गर्ने,

ग) संख्या निर्धारण भइसकेपछि तोकिएको क्षेत्रबाट तोकिएको संख्यामा सदस्यहरु निर्विरोध रुपमा चयन गर्न समुदायलाई समय दिने, प्रतिनिधि तोक्ने समयमा कुनै पनि हस्तक्षेप नगर्ने, उचित संख्यामा महिला तथा विभिन्न जाति, वर्ग र भौगोलीक क्षेत्रको संख्या प्रतिनिधित्व गराउन भने सहजीकरण गर्ने,

घ) महिला र पुरुष दुवै प्रतिनिधिहरुको चयन भईसकेपछि महिला र पुरुष दुवैले कृषक भेला कृषक समूह/ उपभोक्ता समितिका बाँकि सदस्यहरु चयन गर्न छलफल र निर्णय गर्नेछन् (सबै जाती, वर्ग, क्षेत्र र ५०% महिला सहभागीता भए नभएको सुनिश्चित गर्ने) ।

ङ) कृषक समूह/उपभोक्ता समितीको कार्य समिति गठनको लागि कृषक भेला बोलाउदा निम्न बमोजिमको प्रतिनिधित्व अनिवार्य हुन्छ :

- हरेक घरधुरीबाट एक जना महिला र एक जना पुरुष लगायत समूह का सबै सदस्यहरू प्रतिनिधि,
- गाउँपालिका/नगरपालिका प्रतिनिधिहरु,
- परियोजना कार्यान्वन गर्ने पालिका एकाईका कर्मचारीहरु
- वडा प्रतिनिधि,
- पालिका तथा वडा कृषि प्राबिधिक ,महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, मर्मत सम्भार कार्यकर्ता, उत्प्रेरकहरू, लगायत गाउँका महत्वपूर्ण व्यक्तिहरु र अन्य

च) भेलाको समय तथा स्थान सबैको लागि उपयुक्त भएको सुनिश्चित गर्नुपर्दछ । भेला बस्ने स्थान र समयको सूचना (लिखित/मौखिक) सबै घर, महिला तथा पुरुषहरुलाई अग्रिम रुपमा (कम्तिमा ३ दिन अगाडी) जानकारी गराउनु पर्दछ । समुदायमा बस्ने सम्पुर्ण जाति, वर्ग र क्षेत्रका साथ साथै समूहहरुलाई पनि आमभेलाको जानकारी दिने । कृषक भेला कूल लाभान्वित घरधुरीको कम्तिमा ७५% घरबाट प्रतिनिधित्व हुनुपर्दछ । कूल लाभान्वित घरधुरीको कम्तिमा ७५ % घरबाट प्रतिनिधित्व नभएमा वा महिलाहरुको सहभागिता ५० प्रतिशत नभएमा वा कुनै टोल वस्ती वा समुदायको उचित प्रतिनिधित्व नभएमा भेला रद्द गरी उपयुक्त समयमा अर्को भेला आयोजना गर्नुपर्दछ । भेलामा सहभागीहरुको बिवरण संलग्न फाराममा उल्लेख गर्नुपर्दछ ।

छ) माथि उल्लेखित प्रावधान वमोजिम प्रतिनिधिहरु छनौट गर्दा प्रजातान्त्रिक पद्धति बमोजिम छनौट गर्नुपर्दछ । माथि उल्लेखित मापदण्ड अनुसार महिला र पुरुष दुवैले कृषक भेला आफ्ना प्रतिनिधिहरुलाई चयन गर्न सक्दछन् ।

ज) कानूनी मान्यताका लागि कृषक समूह/उपभोक्ता समितिलाई गाउँपालिका/नगरपालिकाको कानून बमोजिम सम्बन्धित गाउँपालिका/नगरपालिकामा अनिवार्य रुपमा दर्ता गर्नुपर्दछ ।

।

ञ) कृषक समूह/उपभोक्ता समितिले परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरुको सहयोगमा कृषक समूह/उपभोक्ता समितिको विधान तयार गर्नुपर्दछ ।

**योजना कार्यान्वयनमा कृषक समूह/** उपभोक्ता **समितिको भूमिका र जिम्मेवारी**

योजना निर्माण पूर्व, निर्माण अवधिमा तथा निर्माण पश्चात समेत कृषक समूह समितिका धेरै भूमिका र जिम्मेवारीहरु छन् ।जसमध्ये मुख्य भूमिका र जिम्मेवारी निम्न वमोजिम रहेका छन् :

- गाउँपालिका/नगरपालिका, परियोजना कार्यान्वयन गर्नेपालिका एकाई, परियोजना व्यवस्थापन समिति र उपभोक्ताहरुसंग समन्वय गर्ने,
- योजना तर्जुमा तयारी तथा कार्यान्वयनमा सक्रिय भूमिका खेल्ने,
- नियमित रुपमा बैठक वस्ने,
- योजना कार्यान्वयनको लागि स्थानीय उपभोक्ताबाट नगद रकम सङ्कलन गर्ने,
- योजनामा भएका खर्चहरुको विवरण अद्यावधिक गरी राख्ने,
- योजनाको बारेमा उपभोक्ताहरुलाई नियमित जानकारी गराउने तथा अपनत्व वोध गराउने,
- कृषक/उपभोक्ताहरु तथा दातृ निकाय प्रति पारदर्शी र उत्तरदायी हुने,
- योजना सम्पन्न भए पश्चात् योजनाको सञ्चालन, बचत कोषको व्यवस्थापन गर्ने, उत्पादन बृद्दी तथा बिस्तार
- निर्माण सामग्री, कृषि औजार तथा उपकरणको व्यवस्थापन र परिचालन गर्ने,
- योजनाको लागि चाहिने बाह्य निर्माण सामग्री, फलामको पोल तथा औजारहरु खरिद गर्ने, उचित भण्डार गर्ने तथा सामग्रीहरू योजनामा खर्च भएको सामग्रीको उचित अभिलेख राख्ने,
- योजना कार्यान्वयनको दौरान आइपर्ने सबै खाले समस्या तथा विवादहरुको समाधान गर्ने,
- जलवायु मैत्री कृषि, जलवायु मैत्री घर बगैंचा प्रबिधीहरु , जलवायु अनुकूलन जोखिम व्यवस्थापनका क्रियाकलापहरूलाई निरन्तरता दिइ जलाधार संरक्षणमा सक्रिय भूमिका खेल्ने,
- पानीको बहुपयोग लाइ प्राथमिकता दिइ जैविक विविधता वन तथा वातावरणीय प्रणालीको संरक्षण गर्दै कृषि वन र जीविकोपार्जन योजनाहरुलाई कार्यान्वयन गर्ने ।
- समूहको लागि आवश्यक पर्ने नियमहरु बनाउने र कृषक/उपभोक्ताहरुको समुहको बैठकबाट पारित गराउने,
- महिला, गरिब, अपाङ्गता तथा पिछडिएको वर्ग प्रति संवेदनशील रहने र समावेशीता सुनिश्चित गर्ने,

**कृषक समूह/** उपभोक्ता **समिति दर्ता**

- गाउँपालिका/नगरपालिकाको कृषक समूह/उपभोक्ता समिति दर्ता, नविकरण तथा परिचालन सम्बन्धी कार्यविधिमा व्यवस्था गरिएअनुसार दर्ता प्रकृयामा लैजानु पर्दछ ।
- सम्पूर्ण कृषक समूह/उपभोक्ता समितिहरु कानूनी हैसियत प्राप्त गर्नको लागि ढिलोमा पनि योजनाको कार्यान्वयन चरणको शुरुवात सम्ममा दर्ता भईसकेको हुनुपर्दछ ।कानूनी हैसियत प्राप्त कृषक समूह/ उपभोक्ता समितिले मात्र आधिकारिक स्रोतहरुबाट अनुदान र कोष प्राप्त गर्न सक्दछन्
- कृषक समूह उपभोक्ता समिति अविछिन्न, उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ ।
- कृषक समूह/ उपभोक्ता समितिको सबै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।
- कृषक समूह/ उपभोक्ता समितिले व्यक्ति सरह नालिस उजुर गर्न र कृषक समूह समिति उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।
- कृषक समूह/उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

सबै कृषक समूह/उपभोक्ता समितिहरु सम्बन्धित गाउँपालिका/नगरपालिकाले लागू गरेको कृषक समूह/ उपभोक्ता समिति दर्ता, नविकरण तथा परिचालन सम्बन्धी कार्यविधि तथा अन्य निर्धारित प्रकृया वमोजिम सम्बन्धित गाउँपालिका/नगरपालिकाको कृषि कार्यालयमा दर्ता गर्नुपर्दछ । कृषक समूह/ उपभोक्ता समितिले आवश्यक सम्पुर्ण कागजात दर्ता शुल्कको साथमा गाउँपालिका/नगरपालिकाको कार्यालयमा पेश गर्दछ । निर्धारित प्रकृया पूरा भएपछि कार्यालयले निर्धारित ढाँचामा कृषक समूह/ उपभोक्ता समितिलाई दर्ता प्रमाण—पत्र प्रदान गर्नेछ ।

**कृषक समूह/** उपभोक्ता **समिति गठनमा सहभागी विवरण**

बैठक भएको मिति : १) महिलाहरुको बैठक .....................  २)कृषकभेला ....................

महिलाको बैठकमा उपस्थित जम्मा सहभागी संख्या : ..............................

उपस्थिति विवरण :

| बैठकमा सहभागी घरमूलीको नाम | लिङ्ग म/पु/अ | सो घरका अन्य उपस्थित सदस्य संख्या | | | जातिय समुदाय* | वडा नं. / गाउँको नाम |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अपाङ्गता | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

***जातिय समुदाय = दलित, जनजाती, ब्राह्मण क्षेत्री /ठकुरी /सन्यासी र अन्य**

कृषक भेला प्रतिनिधित्व गर्ने घरसंख्या .................. जम्मा लाभान्वित घरसंख्याको ........%

कृषक भेला उपस्थिति जम्मा महिला संख्या ............. जम्मा उपस्थित संख्याको ........%

कृषक भेला उपस्थिति जम्मा पिछडिएको वर्गका उपस्थित संख्या ......जम्मा उपस्थित संख्याको . ........%

**नोटः कृषक समूह/** उपभोक्ता समितीहरु **दर्ता गर्नु पर्नेछ । उक्त दर्ता गर्दा समितिको विधान बनाएर मात्र गरिनेछ । बिधानको नमूना र समिति दर्ताको लागि दिनुपर्ने आवेदनको ढांचा परियोजनाले उपलब्ध गराइएको नमुना बमोजिम हुनेछ ।**

## ४. परियोजना, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण, जलवायु-मैत्री कृषि, र कृषिवन, वातावरण तथा जैविक विविधताको संरक्षण सम्बन्धी अभिमुखीकरण

कृषक समूह/उपभोक्ता समिती अभिमुखिकरण तालिम पश्चात तथा योजना रेखाङ्कन (लेआउट) गर्नु भन्दा अगाडि, परियोजना कार्यान्वयन गर्ने गाउँपालिका/नगरपालिका एकाईका कर्मचारीले योजना क्षेत्रभित्रका अन्य अगुवा कृषकहरुलाई समेत संलग्न गराई कृषक समूह/ उपभोक्ता समितिलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामुदायिक समावेशीकरण सचेतना र जलवायु-मैत्री कृषि र कृषि-वन सम्बन्धी अभिमुखीकरणको आयोजना गर्दछन्। जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाले लैङ्गिक तथा सामुदायिक विभेद न्यूनिकरण गर्ने उद्देश्यले लैङ्गिक समानता र सामुदायिक समावेशीकरणलाई यसको हरेक क्रियाकलापहरुमा समावेश गरेको छ साथै परियोजना मार्फत निर्माण हुने संरचनाहरु उक्त सम्बेदनसिलता लाई ध्यानमा दिईनेछन। कृषक समूह/उपभोक्ता समितिका पदाधिकारी लगायत योजना क्षेत्रका अगुवा कृषकहरुलाई सशक्तिकरण गर्न, समुदायमा तथा कृषक समूह/ उपभोक्ता समितिलाई लैङ्गिक तथा सामुदायिक समावेशीकरण जलवायु-मैत्री कृषि र कृषि-वन सम्बन्धी जनचेतना जगाउन अत्यन्त आवश्यक छ।

### उद्देश्य:

- कृषक समूह /उपभोक्ता समितीलाई परियोजनाको अवधारणा, कार्यान्वयन निर्देशिका तथा मापदण्डको बारेमा अवगत गराउने,
- गाउँपालिका/नगरपालिका सँग काम गर्दा अपनाउनुपर्ने प्रकृयाहरुको बारेमा जानकारी गराउने,
- कृषक समूह/उपभोक्ता समितीका पदाधीकारी र योजना क्षेत्रका अन्य उपभोक्ता तथा अगुवा कृषकहरुलाई जलवायु-मैत्री कृषि र कृषि-वन क्रियाकलापहरुमा लैङ्गिक समानता, अपाङ्गता तथा सामुदायिक समावेशीकरणको अवधारणा र यसको महत्त्व बारे सचेतना गराउने,
- जलवायु-मैत्री कृषि,कृषि-वन,प्राकृतिक स्रोत संरक्षण, जलवायु परिवर्तन र जैविक विविधता सम्बन्धी सचेतना अभिवृद्धि गर्दै स्रोतको दिगो उपयोग, स्थानीय सहभागिता र नीति-अधिकारबारे जानकारी प्रदान गर्ने,
- समावेशी सहभागिता, स्थानीय ज्ञानको सम्मान र जलवायु-मैत्री कृषि,कृषि-वन र वातावरणीय संरक्षणमा समुदायलाई सक्रिय बनाउने।
- योजनाको चरणबद्ध कार्यपद्धति बमोजिम समग्र योजना तजुर्मा तथा व्यवस्थापन गर्नको लागि कृषक समूह/ उपभोक्ता समितीका सदस्यहरु तथा योजना क्षेत्रका अन्य अगुवा कृषकहरूलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामुदायिक समावेशीकरणको सिद्धान्तहरू बारेमा बुझाउने।
- कृषक समूह/उपभोक्ता समिति तथा योजनाका क्रियाकलापहरुमा उक्त क्षेत्रका महिला, अपाङ्गता र सबै जातिगत समूह को सहभागिता वढाउन तथा योजनाबाट उक्त समावेशी समूह लाई फाइदा हुनेगरि नीतिगत तथा संरचनागत

सुधार गर्न कृषक समूह समितिका पदाधिकारीहरु र योजना क्षेत्रका अन्य अगुवा व्यक्तिहरुको भुमिका स्पस्ट पार्न ।

## आशातीत उपलब्धीहरू

- लैङ्गिक समानता, अपाङ्गता र सामुदायिक समावेशीकरणको महत्व बुझी परियोजना कार्यान्वयनका लागि न्यूनतम लैङ्गिक समानता, अपाङ्गता र सामुदायिक समावेशीकरणका सिद्धान्तहरु बारे प्रष्ट हुनेछन् ।
- कृषक समूह/उपभोक्ता समितीमा जलवायु-मैत्री कृषि र कृषि-वन अवधारणा बारे जानकार भई चेतना र व्यवहारिक क्षमता वृद्धि हुनेछ।
- समावेशी सहभागिता, स्थानीय ज्ञान प्रयोग र नीति अनुसारको सक्रियता मार्फत दिगो व्यवस्थापनमा योगदान बढ्नेछ।
- सहभागिहरूले महिला, वालवालिका, फरक क्षमता भएका र पिछडिएका समूह प्रतिको विभेदयुक्त सामुदायिक व्यवहारमा सुधार गर्न सहयोग गर्नेछन् ।
- कृषक समूह/उपभोक्ता समिती भेलाहरुमा जस्तै योजनाको रेखाङ्कन (लेआउट), सामुदायिक कार्ययोजना र अन्य वैठकहरु तथा तालिमहरुमा महिला, अपाङ्गता र सबै जातजाति समूह को सहभागिता बृद्धि भएको हुनेछ र महिला सहभागिता कम्तिमा ५० प्रतिशतले हुनेछ ।
- कृषक समूह/उपभोक्ता समितीहरु जलवायु-मैत्री कृषि र कृषि-वन समन्यायिक पहुच, लाभको वितरण, समान अवसरको बारेमा जानकार भई लागु गर्नेछन ।

## अभिमुखिकरण अवधिः १ दिन

उपयुक्त समय: योजना रेखाङ्कन (लेआउट) गर्नु अगाडि

सहभागीहरु: कृषक समूह/उपभोक्ता समितिका सवै सदस्यहरु, वडाप्रतिनिधिहरु र सोही योजना क्षेत्रका अन्य अगुवा व्यक्तिहरु (महिला र पुरुषको संख्या वरावर तथा योजना घरधुरीका जातिगत, अपाङ्गता समेतको समाबेशी सहभागिता)

सहजकर्ताहरु: परियोजना कार्यान्वयन गर्ने गाउँपालिका/नगरपालिका एकाईका परियोजना अधिकृत, फिल्ड संयोजक, कृषि-वन सहजकर्ता, सामुदायिक परिचालक (आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यबस्थापन बिज्ञ तथा सम्बन्धित कृषि कार्यालयको प्रतिनिधि )

आयोजक: स्थानीय सरकार, परियोजना कार्यान्वयन गर्ने गाउँपालिका/नगरपालिका एकाई

## आवश्यक सामग्रीहरू

- परियोजनाको जानकारी चार्ट
- कृषि वन र जीविकोपार्जन **योजनाको** चरणवद्ध कार्यपद्धतिको चार्ट तथा परियोजना संग सम्बन्धित अन्य शैक्षिक सामग्रीहरु
- कोष प्रवाह तथा योगदानको बाँडफाँड सम्बन्धी चार्ट
- विभिन्न साझेदारहरुको भूमिका तथा जिम्मेवारी सम्बन्धी चार्ट
- आवश्यकता अनुसार अन्य सामग्रीहरु जस्तैः कृषक समूह/उपभोक्ता समिति विधान, मस्यौदा नियमावली आदि
- लैङ्गिक समानता, अपाङ्गता र सामुदायिक समावेशीकरण समीकरण सम्बन्धी फ्लेक्स र फ्लासकार्डहरु,

- स्टेशनरी, भिडियो आदि (यदि सम्भव भएमा)।

**विषयवस्तु**

| दिन | विषयवस्तु | समय | क्रियाकलापहरु |
|---|---|---|---|
| पहिलो | पहिलो सत्र<br>सहभागीहरुको परिचय तथा उद्देश्य<br>परियोजनाको छोटो परिचय<br>• परिचय<br>• कोष प्रवाह पद्धति, लगानीको बाँडफाँड, कृषक समूह/उपभोक्ता समिति विधान तथा कार्ययोजना बारे छलफल | ६० मिनेट | आफनो परिचय आफै वा कुनै खेलबाट<br>चित्रहरुबाट<br>परियोजनाको परिचय, कोष प्रवाह तथा लगानीको बाँडफाँड सम्बन्धी चार्टहरुको प्रदर्शनी |
| | दोस्रो सत्र<br>• योजनाको चरणवद्ध कार्यपद्धति<br>• कृषक समूह/उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुको भूमिका र जिम्मेवारी<br>• विभिन्न साझेदारहरुको भूमिका र जिम्मेवारी | ६० मिनेट | चरणवद्ध तालिकाको व्याख्या<br>कृषक समूह/उपभोक्ता समितिका पदाधिकारीहरुको योजना संचालन तथा भूमिका र जिम्मेवारी बारे जानकारी |
| | **खाजा खाने समय** | **३० मिनेट** | |

| | | | |
|---|---|---|---|
| | तेस्रो सत्र<br>• लैङ्गिक समानता, अपाङ्गता र सामुदायिक समावेशीकरणको परिचय<br>• लैङ्गिक समानताका वाधाहरु<br>• जलवायु परिवर्तन नियन्त्रण को अवस्था<br>• लैङ्गिक समानता, अपाङ्गता तथा सामुदायिक समावेशीकरणमा उपभोक्ता समितिको भूमिका र जिम्मेवारी ।<br>• जलवायु-मैत्री कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, लाभको बाडफाड तथा मर्मत सम्भारमा सामुदायिक समावेशी अवधारणा | ६० मि. | • लैङ्गिक समानता, अपाङ्गता, तथा सामुदायिक समावेशीकरणको व्याख्या<br>• लैङ्गिक समानताका मा भएका बाधाहरुको सुचि तयार गरि छलफल गर्ने<br>• परियोजनाको लैङ्गिक तथा सामुदायिक समावेशीकरण सिद्धान्तहरु खेलको माध्यमबाट<br>• स्रोतमा पहुँच तथा नियन्त्रण सम्बन्धी खेलको माध्यमबाट छलफल गराउने, |
| पहिलो | चौथो सत्रः<br>• जलवायु-मैत्री कृषि र कृषि-वन अवधारणामा छलफल<br>• कृषक समूह/उपभोक्ता समिती कार्ययोजना तथा बिधान भएका व्यवस्था सम्बन्धी छलफल<br>• प्रमुख अभ्यासहरूः अनुकूलन (Adaptation), न्यूनीकरण (Mitigation)<br>• व्यावहारिक उपायहरूः मौसमअनुसार खेति, हरित गृह ग्यास न्यूनीकरण, स्थानीय बीउ उपयोग | ६० मिनेट | • जलवायु-मैत्री कृषि र कृषि-वन अबधारणा तथा महत्व बारे जानकारी गाराउने (प्रस्तुति, पोस्टर, छलफल)<br>• जलवायु परिवर्तन र यसको असरहरु बारे जानकारी गाराउने,<br>• कृषक समूह/उपभोक्ता समिती कार्ययोजना तथा विधानमा सामाबेस भएका ब्यबस्था सम्बन्धी छलफल गर्ने,<br>• कृषि मार्गदर्शन २०८१ को बारे जानकारी गाराउने,<br>• अनुकूलन(Adaptation), न्यूनीकरण (Mitigation) अभ्यासहरू बारे जानकारी गराउने<br>• मौसमअनुसार खेति, हरित गृह ग्यास न्यूनीकरण, स्थानीय बीउ उपयोग अभ्यासहरू बारे जानकारी गराउने |

| | | | |
|---|---|---|---|
| | पाँचौ सत्र :<br>• जलवायु-मैत्री घरबगैचा, प्राकृतिक स्रोतको महत्त्वबारे छलफल<br>• जलवायु परिवर्तनको परिचयः कारण, ग्यासहरू, असर<br>• जलवायु असरसँग जुझ्न सक्ने कृषि प्रणाली<br>• वातावरण तथा जैविक विविधताको संरक्षण सम्बन्धी छलफल | ६० मिनेट | • जलवायु-मैत्री घरबगैचा अबधारणा तथा महत्व बारे जानकारी गाराउने (प्रस्तुति, पोस्टर, छलफल)<br>• जलवायु परिवर्तनको कारण, ग्यासहरू, असरहरु बारे जानकारी गराउने<br>• जलवायु असरसँग जुझ्न सक्ने कृषि प्रणाली बारे जानकारी गराउने<br>• वातावरण तथा जैविक विविधताको संरक्षण सम्बन्धी छलफल<br>• प्राकृतिक स्रोतको महत्त्व, चुनौतीहरू, दिगो उपयोगका उपाय (प्रस्तुति, पोस्टर, छलफल) |

पुनश्चः सहजकर्ताले सबै सहभागीहरुलाई सक्रियतापूर्वक छलफलमा भाग लिनको लागि प्रोत्साहित गर्नुपर्दछ ।

# ५. योजनाको विस्तृत रेखाङ्कन, प्राविधिक सर्वेक्षण, डिजाइन र लागत अनुमान

कृषि-वन र जीविकोपार्जन योजनाहरु जस्तैः जलवायू मैत्री घर बगैंचा, जलवायू मैत्री प्रबिधिहरु, भकारो सुधार, जलवायू मैत्री सिँचाइ प्रविधि, जलवायू मैत्री जिविकोपार्जन, एकीकृत सत्रुजीव व्यवस्थापन आदि सफलतापूर्वक कार्यान्वयन गर्नका लागि व्यवस्थित विस्तृत सर्वेक्षण डिजाइन, लागत अनुमान र सम्बन्धित कानुनी तथा प्राविधिक मापदण्डहरूको पालना अत्यावश्यक हुन्छ। उक्त योजनाहरु कार्यान्वयन गर्नका आवस्यक प्राविधिक सर्वेक्षण, डिजाइन, लागत अनुमान तयार पार्नका लागि तपसिल बमोजिम प्रक्रिया तथा सन्दर्भ सामग्रीहरु अपनाउनु पर्नेछ।

## १. विस्तृत सर्वेक्षण तथा डिजाइन

कुनै पनि कृषि-वन र जीविकोपार्जन योजना  अगाडि बढाउनुअघि वैज्ञानिक र सहभागीतामुलक प्रक्रियामार्फत निम्न चरणहरूमा आधारित विस्तृत सर्वेक्षण आवश्यक हुन्छः

### १.१. तयारी चरण

**डेस्क अध्ययन तथा कानुनि प्राबधान विश्लेषण;**

- कार्यक्षेत्रको भूगोल, भू-उपयोग, खेती योग्य जमिन, बाझो जमिन, हावापानी, माटो, जलाधार इत्यादिको विश्लेषणसहित नक्सा र उपलब्ध तथ्याङ्क संकलन।
- बजार उपलब्धता र सडकको पँहुच
- राष्ट्रिय तथा स्थानीय कानुनी/नीतिगत दस्तावेजहरूको अध्ययन (जस्तैः कृषि ऐन, नियमावली, निर्देशिका आदि), यदि सेवा विस्तारको योजना हो भने ,
- कृषक समूह/उपभोक्ता समितीको कार्ययोजना तथा बिधानमा रहेका प्रावधानहरुको विश्लेषण।
- विगतका परियोजनाहरूको सिकाइ संकलन।
- नेपाल सरकारका अनुदान वितरणका नियम तथा मार्गदर्शनहरु

**सरोकारवालासँग परामर्श**

- स्थानीय समुदाय, कृषक समूह/उपभोक्ता समिती, स्थानीय सरकार, गाउँपालिका/नगरपालिका अन्तर्गतको कृषि शाखा, कृषि कार्यालय लगायत सरोकारवालासँग प्रारम्भिक अन्तरक्रिया।
- परियोजनामा तिनीहरूको आवश्यकता, ज्ञान, अनुभव र सहभागिता पहिचान।

**प्रारम्भिक स्थलगत सर्वेक्षण**

- प्रस्तावित कार्यक्षेत्रको अवलोकन गरी खेती योग्य जमिन, नगदे बालीको खेति,  बाझो जमिनको अवस्थाको मूल्याङ्कन, खेती तथा बालिमा समस्याको पहिचान ।
- GPS, टेप लगाएत आवस्यकता अनुसारका सामग्रीहरु प्रयोग गरी प्रारम्भिक स्थानको विवरण संकलन।
- गह्राहरुको नापजाच

## १.२. विस्तृत सर्वेक्षण

**सीमाङ्कन र नक्साङ्कन**

- योजना क्षेत्र भ्रमण गर्नु पुर्व योजना क्षेत्र सहित वरपर देखिने गरि बनाइएको सामुदायिक श्रोत नक्सा लाई अध्ययन गर्ने।
- खेती योग्य जमिन र बाझो जमिन क्षेत्रको सीमाङ्कन।
- योजना क्षेत्रको चार किल्लाको GPS पोइन्ट लिने, GIS मा आधारित नक्सा तयार गर्ने।

**जैविक—भौतिक सर्वेक्षण**

- **बीऊः** बीऊको प्रकार, प्रजाति, उत्पादन क्षमता, रोग किरा, रैथाने बालि, आदिको अध्ययन।
- **माटोः** PH, NPK/पोषकतत्व, संरचना, जलधारण क्षमता आदि परीक्षण।
- **भू—आकृतिः** मोहडा, भिरालोपना, भूसंरचना र भू-संवेदनशीलताको अध्ययन।
- **सिंचाई** : पानीको स्रोत, बहाव, जोखिम विश्लेषण।

योजनाहरुको बिस्तृत सर्वेक्षण **अनुसूची** २ मा भएको विस्तृत प्राविधिक सर्वेक्षण फारम बाट गरिनेछ ।

## १.३. तथ्याङ्क विश्लेषण तथा डिजाइन

- संकलित तथ्याङ्कको विश्लेषण गरी व्यवस्थापनको आवश्यकता, उपयुक्तता र सम्भाव्यता निर्धारण।
- प्राविधिक डिजाइन तयार गर्नु (जस्तैःले-आउट, संरचना डिजाइन, रैथाने प्रजाति छनोट)।
- तल उल्लेखित नमुना डिजाइन अनुसार डिजाइन कार्य गरिनेछ

| क्र.स. | सरचनाको प्रकार | आधारभुत मापदण्ड तथा विकल्प | कैफियत |
|---|---|---|---|
| १ | हरित घर | • काठ, बास, फलामे आदिको घर डिजाइन गर्न सकिनेछ<br>• ५ मिटर x १२ मिटर, ६ मिटर x १२ मिटर, वा ६ मिटर x २० मिटर र जग्गाको साइज अनुसार | |
| २ | गँड्यौला मल घर/पिट | • सिमेन्ट भर्मी ब्याग, काठको डिजाइन गर्न सकिनेछ<br>• साइज :सीममेन्टटको संरचना भए लम्बाई-२ मिटर, चौडाई-१ मिटर र उचाई -०.७५ मिटर सम्म निर्माण गर्न सकिन्छ | |
| ३ | भकारो सुधार | • काठ, बास, फलामे, सीमेन्ट आदिको डिजाइन गर्ने<br>• २० फिट लम्बाई , १२ फिट चौडाई र आवश्यकता अनुसार उचाइ बनाउन सकिनेछ | ४ ओटा गाईवस्तुको लागी |
| ४ | नर्सरी स्थापना | • काठ, बास, फलामे आदि को घर डिजाइन गर्न सकिनेछ | |

| | | | |
|---|---|---|---|
| | | • ६ मिटर लम्बाईx १२ मिटर चौडाई, ६ मिटर लम्बाईx २० मिटर चौडाई वा जमिनको साइज अनुसार आवश्यकता बमोजिम | |

## २. लागत अनुमान

- प्रत्येक गतिविधिको यथार्थ लागत अनुमान निम्न आधारमा तय गरिन्छः
- क्रियाकलाप संचालन गर्नको लागि आवस्यक पर्ने सामाग्री तथा श्रमको परिमाण एकिन गर्ने।
- गाउँपालिका/नगरपालिका/जिल्ला दररेट तथा मापदण्डलाई आधारमानि लागत अनुमान तयार गर्ने।
- मापदण्डअनुसार आवश्यक सामग्री, श्रम, यान्त्रिक उपकरणको सुचि तयार गर्ने।
- ढुवानी तथा व्यवस्थापन लागत खर्चको एकिन गर्ने।
- योजनाहरुको डिजाइन तथा लागत अनुमान जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाले तर्जुमा गरेको विशिस्ट ढाचा बाट गरिनेछ ।

**लागत अनुमान तयार गर्दा तपसिल वमोजिमका नीति, नियम, मार्गदर्शन तथा मापदण्डलाइ अनिवार्य रुपमा पालना गर्नु पर्ने छ।**

- कृषि क्षेत्र कार्यक्रम कार्यान्वयन मापदण्ड अनुसार।
- घरबगैंचा व्यवस्थापन तालिम निर्देशिका, ली-बर्ड (२०७५)
- पोषणका लागि घरबगैंचा व्यवस्थापन तालिम निर्देशिका , एक्सन् अगेंष्ट हंगर (२०७८)
- जलवायु मैत्री कृषि प्रविधि तथा असल अभ्यासहरूको संगालो,ली-बर्ड (२०७७)
- भकारो सुधार र गोठेमल सुधार पुस्तिका, ली-बर्ड (...........)

## ६. आर्थिक व्यवस्थापन (खरिद प्रक्रिया)* तथा लेखा राख्ने र सामाग्रीको स्पेसिफिकेशन सम्बन्धी अभिमुखीकरण

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गतका सबै योजनाहरुमा गैर स्थानीय सामग्री खरिद, भण्डार व्यवस्थापन, आम्दानी खर्चको हिसाव कृषक समूह/उपभोक्ता समितिले नै गर्ने भएकोले योजना निर्माणको लागि आवश्यक पर्ने रकम किस्ताबन्दी रुपमा प्राकृतिक श्रोत विकास कोषवाट कृषक समूहको खातामा निकासा हुन्छ। यसर्थः कृषक समूह/उपभोक्ता समितिहरु निर्माण सामग्री खरिद, भण्डार व्यवस्थापन,लेखा राख्ने लगायतका प्रकृयाहरुमा जानकार हुनु आवश्यक हुन्छ।कृषक समूह/उपभोक्ता समिति तथा खरिद समितिलाई यस सम्वन्धि विस्तृत तालिम योजनाको कार्यान्वयन चरणको सम्झौता भए लगत्तै सञ्चालन गरिन्छ ।

यस अभिमुखीकरणले कृषक समूह/उपभोक्ता समितिका सबै सदस्यहरुलाई आर्थिक व्यवस्थापन तथा लेखापालन सम्वन्धमा सामान्य जानकारी प्रदान गर्दछ ।

यो अभिमुखीकरण विस्तृत प्राविधिक सर्वेक्षण सम्पन्न भएपछि आयोजना गरिन्छ ।

अवधि : १ दिन
सहभागी : कृषक समूह/उपभोक्ता समितीको कार्य समितिका सवै सदस्यहरु तथा वडाप्रितनिधी/सदस्यहरु र सम्बन्धित वडाको कृषि प्राविधिक
सहजकर्ताहरु : परियोजना अधिकृत / फिल्ड संयोजक/ कृषि-वन सहजकर्ताहरु
आयोजक : परियोजना कार्यान्वयन गर्ने पालिका एकाई

**उद्देश्यः**

यस तालिमका उद्देश्यहरुः

- कृषक समूह/उपभोक्ता समितिका सदस्यहरुलाई सामुदायिक खरिद प्रकृयाको बारेमा जानकारी गराउने
- कृषक समूह/उपभोक्ता समितिका सदस्यहरुलाई निर्माण सामग्री, पाइप, फिटिङ्ग, दक्ष र अदक्ष कामदारको लगत राख्ने सम्बन्धमा जानकारी प्रदान गर्ने,
- कृषक समूह/उपभोक्ता समितिले राख्नुपर्ने विभिन्न खाताहरुको परिचय गर्ने,
- कृषक समूह/उपभोक्ता समितिका सदस्यहरुलाई योजनामा प्रयोग हुने बाह्य तथा स्थानीय निर्माण सामग्रीहरुको गुणस्तरको वारेमा सचेत गराउने,

**आवश्यक सामग्रीहरु**

चरणवद्ध कार्यविधि चार्ट, कोष प्रवाह चार्ट, सामुदायिक खरिद कार्यविधि, लेखापालन तथा खाताको नमूना, फारामहरु तथा ब्राउन पेपर मार्कर पेन आदि ।

**विषयवस्तु**

पुनश्चः सहजकर्ताले सवै सहभागीहरुलाई सक्रियतापूर्वक छलफलमा भाग लिनको लागि प्रोत्साहित गर्नुपर्दछ ।

| दिन | विषयवस्तु | समय | क्रियाकलापहरु |
|---|---|---|---|
| पहिलो | **पहिलो सत्रः** उद्घाटन सत्र<br>• परिचय<br>• अपेक्षा सङ्कलन<br>• अभिमुखिकरणको उद्देश्य | ३० मि | खेल, छलफल |
| | **दोस्रो सत्रः कोष प्रवाह पद्धति**<br>• कोष प्रवाह तथा लगानीको बाँडफाँड | ४५ मि | कोष प्रवाह तथा लगानीको बाँडफाँड तालिका |
| | **तेस्रो सत्रः कृषक समूह समितिलाई रकम निकासा प्रकृया**<br>• सम्झौताका प्रावधान तथा शर्तहरु | ९० मि | |

| | | | |
|---|---|---|---|
| | • किस्ताबन्दी निकासा प्रकृया<br>• आवश्यक बील तथा भरपाईहरु<br>• लगानीको लागि उपभोक्ताको नगद योगदान<br>• योजनामा आवश्यक श्रमदान<br>• मर्मत सम्भार कोष<br>**चौथो सत्रः बाह्य सामग्री खरिद प्रकृया**<br>• सोझै खरिद<br>• सिलबन्दी कोटेशन<br>• तुलनात्मक तालिका<br>• सार्वजनिक परीक्षण<br>**पाँचौ सत्रः निर्माण सामग्रीहरुको गुणस्तर र सामाग्रीको स्पेसिफिकेशन**<br>• आवस्यक औजार तथा अन्य निर्माण सामाग्रीहरुको नेपाल तथा भारतीय गुणस्तर चिन्ह तथा गुणस्तर र सामाग्रीको स्पेसिफिकेशन<br>• स्थानीय निर्माण सामग्रीहरुको गुणस्तर र सामाग्रीको स्पेसिफिकेशन<br>**छैठौ सत्रः योजनाको खर्च र लेखा व्यवस्थापन**<br>• सामग्रीको लागत, ढुवानी लागत र श्रमीकको लागत<br>• गाउँपालिका/नगरपालिका दररेट<br>• अधिकतम बजेट सीमा तथा आम्दानीका स्रोतहरु<br>• कृषक समूह/उपभोक्ता समितीको बैङ्क खाता, आम्दानी खर्च खाता, भण्डार खाता<br>**समापन** | ९० मि<br>४५ मि<br>६० मि | सम्झौता पत्रको नमुना<br>खरिद कार्यविधि,कृषक समूह/उपभोक्ता समिती को खाता, मर्मत सम्भार, सचित्र पुस्तिका आदि |

## ७. सामुदायिक कार्ययोजना तयारी, प्रस्तुति तथा स्वीकृत

परियोजनाद्वारा सञ्चालन गरिने कृषि-वन र जीविकोपार्जन योजनाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न पूर्व योजना, समुदायको सक्रिय सहभागिता, व्यवस्थित कार्यान्वयन प्रक्रिया, निरन्तर अनुगमन र दिगोपनाको सुनिश्चितता अत्यन्त महत्त्वपूर्ण हुन्छ।

यसै उद्देश्यका लागि योजनाको प्रारम्भिक चरणदेखि, कार्यान्वयन चरण, अन्तिम मूल्याङ्कन र दिगोपनाको योजना निर्माणसम्मको सम्पूर्ण प्रक्रिया समेटिएको सामुदायिक कार्ययोजना ढाँचा  तयार गरिएको छ। यो ढाँचाले कुनै पनि कृषि-वन र जीविकोपार्जन योजनालाई चरणबद्ध, सहभागितामूलक र दिगो रूपमा अगाडि बढाउन मद्दत पुर्‍याउनेछ। सामुदायिक कार्ययोजना तयार गर्दा सम्बन्धीत क्रियाकलापको विस्तृत लागत अनुमान र सम्बन्धीत कृषि-वन र जीविकोपार्जन योजनाको कार्यान्वन कार्यविधि बमोजिम तयार गर्नु पर्नेछ ।

बिस्तृत सामुदायिक श्रोत नक्साङ्कन तथा कृषक समूह/उपभोक्ता समिति गठन/पुनर्गठन पश्चात तयारी चरणको तालिमको बेला यो कार्य गरिनु पर्छ ।

## कार्यान्वयन चरणका क्रियाकलापहरुको कार्ययोजना

*(पुनश्चः कार्यान्वयन चरणको सामुदायिक कार्ययोजना योजनाको कार्यान्वयन चरणको सम्झौतामा अनिवार्य रुपमा संलग्न गर्नुपर्दछ)*

**सामुदायिक कार्ययोजना**

**Community Action Plan (CAP)**

(कार्यान्वयन चरणका क्रियाकलापहरु)

योजनाको नाम र प्रकारः ____________________

गाउँपालिका/नगरपालिका ____________________ जम्मा घर संख्याः ________

मितिः ____________________ जम्मा जनसंख्याः ________

वडा नं./गाउंः ________

| क्र.स. | के? कामको विस्तृत विवरण | जम्मा लाग्ने दिन | कहिले ? | | कहा ? स्थान | कसरी ? (प्रकृया/ विधि) | को ? जिम्मेवार उ.स | को ? जिम्मेवार स.स | सहयोगी को ? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | शुरु गर्ने मिति | सम्पन्न गर्ने मिति | | | | | |
| १ | तयारी चरणका गतीबिधिहरु सम्पन्न | | | | | | | | |
| २ | कार्यान्वयन चरणको प्रथम कृषक भेला तथा सामुदायिक कार्ययोजना तथा पहिलो अनुगमन | | | | | | | | |
| ३ | कार्यान्वयन चरणको सम्झौता | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बाह्य निर्माण सामाग्री खरीद, संकलन योजनाको तयारी तथा सप्लायर्स छनौट | | | | | | | | |
| ५ | प्रथम किस्ता माग | | | | | | | | |
| ६ | बाह्य निर्माण सामाग्री संकलन, ढुवानी तथा स्टोर प्रक्रिया | | | | | | | | |
| ७ | स्थानिय सामाग्री संकलन, ढुवानी तथा स्टोर प्रक्रिया | | | | | | | | |
| ९ | कार्यन्वयन चरणका क्रियाकलापहरु | | | | | | | | |
| | योजनामा वोर्न्ड राख्ने | | | | | | | | |
| | बिल भरपाइहरुको सञ्कलन तथा हिसाब चेक | | | | | | | | |
| | योजनाको नापी किताब तयार | | | | | | | | |
| | दिगोपना योजना तयार | | | | | | | | |
| | सार्वजानिक सुनुवाई तथा दोस्रो अनुगमन | | | | | | | | |
| | फरफारक र अन्तिम किस्ता माग | | | | | | | | |
| | अन्तिम सार्वजनीक लेखापरीक्षण | | | | | | | | |

कृषक समूह र उपभोक्ता समितिका पदाधिकारीहरुको दस्तखतः

# ८. कार्यान्वयन चरणको अनुगमन

परियोजना अन्तर्गत संचालन हुने क्रियाकलाप तथा गतिविधिहरुको परियोजना कार्यान्वयन निर्देशिका बमोजिम कम्तिमा दुइ पटक कार्यान्वयन चरणमा अनुगमन हुनेछ उक्त अनुगमनमा तल उल्लेखित विषयबस्तु हरुलाई मध्यनजर गर्नु पर्छ

**विभिन्न अनुगमनमा हेर्नुपर्ने मुख्य मुख्य विषयहरु:**

| **अनुगमन** | **अनुगमन गर्नुपर्ने मुख्य विषयहरु** |
|---|---|
| पहिलो<br>(तयारी चरणको अन्त्यमा) | • सामुदायिक कार्ययोजना<br>• योजना कार्यान्वयनको लागि समुदायको नगद तथा श्रमलगानी गर्ने प्रतिवद्धता<br>• कृषक/उपभोक्ता समुदाय सबैले परियोजनाको कार्यपद्धति र अवधारणाको समान बुझाई<br>• सामाजिक विवाद, लागत तथा प्राविधिक जटीलताको हिसाबले योजनाको सम्भाव्यता<br>• कृषक समूह/उपभोक्ता समिति गठन प्रकृया, लैङ्गिक तथा जातीय समाबेशीता तथा सहभागिता<br>• जानकारीको पारदर्शिता, (बजेट, लागत, डिजाइन, निर्णय, माइन्यूट आदि)<br>• योजनाका संरचनाहरु, रेखाङ्कन, लागत दर, योजनाको विस्तृत लागत लगायतका विषयमा समुदाय सचेत र सहमत<br>• परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरुले प्रदान गरेको तालिमको प्रभावकारीता, सहजीकरण क्षमता तथा तालिम प्रदान गरेको दिन तथा विषयवस्तुहरु<br>• तयारी चरणमा परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरुको कार्यसम्पादन स्तर |
| अन्तिम<br>(कार्यान्वयन चरणको अन्त्यमा) | • खरिद गरिएका बाहय सामग्री तथा सङ्कलन गरिएका स्थानीय सामग्रीको गुणस्तर र परिमाण र प्रयोगको अवस्था<br>• खरिद प्रकृया<br>• भण्डार तथा ढुवानी व्यवस्थापन<br>• कृषक समूह/उपभोक्ता समितिको बैठक तथा निर्णय पुस्तिका, सामुहिक निर्णय प्रकृया र पारदर्शिता<br>• लेखापालन तथा अभिलेख<br>• परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरुले प्रदान गरेको तालिमको प्रभावकारीता, सहजीकरण क्षमता तथा तालिम प्रदान गरेको दिन तथा विषयवस्तुहरु<br>• परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरुको कार्यसम्पादन स्तर<br>• संरचना तथा संरक्षण क्रियाकलापहरुको लगायतका संरचनाहरूको निर्माण सम्पन्नता तथा गुणस्तर<br>• खरिद गरिएका बाहय सामग्री तथा सङ्कलन गरिएका स्थानीय सामग्रीको गुणस्तर र परिमाण तथा खरिद प्रकृया<br>• बाँकी रहन गएका सामग्री तथा औजारहरुको अवस्था तथा परिमाण |

| | |
|---|---|
| | • कृषक समूह/उपभोक्ता समितिको बैठक तथा निर्णय पुस्तिकाः सामुहिक निर्णय प्रकृया र पारदर्शिता<br>• आम्दानी, खर्च, तिर्न तथा पाउन बाँकी रकमको हिसाब, समुदाय र गाउँपालिका/नगरपालिकाको योगदान आदि<br>• लेखापालन तथा अभिलेखको अवस्था<br>• परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरुको कार्यसम्पादन स्तर |

## ९. परियोजना व्यवस्थापन समिति बाट लागत इस्टिमेट स्वीकृत

परियोजना व्यवस्थापन समिति (PMC) ले प्राकृतिक श्रोत बिकास कोष (NRDF) वा परियोजना स्रोतबाट सञ्चालन हुने सबै तालिम, गोष्ठी तथा कार्यशाला कार्यक्रमहरूको पूर्वस्वीकृति दिनुपर्ने व्यवस्था हुन्छ। साथै, कृषक समूह/उपभोक्ता समिति र गाउँपालिका/नगरपालिकाका कर्मचारीहरूसँग समन्वय गरी सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्नुपर्ने दायित्व पनि यसै समितिमा पर्छ। योजना कार्यान्वयनको प्रगतिको अनुगमन गर्ने, समीक्षात्मक बैठकहरू आयोजना गर्ने र अनुगमन प्रतिवेदन तयार पार्ने कार्य PMC ले गर्दछ। त्यसैगरी, NRDF को आम्दानी र खर्च विवरण नियमित रूपमा अनुगमन गरिनेछ भने योजना-स्तरमा सञ्चालन हुने क्षमता विकास गतिविधिहरूको प्रस्ताव सम्बन्धित परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीबाट तयार गराई PMC बाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था हुन्छ। तेही अनुरुप सबै योजनाहरुको पहिलो अनुगमन पश्चात कार्यन्वयन चरण सम्झौता अगाडी बढाउनलाइ परियोजना व्यवस्थापन समितिबाट लागत इस्टिमेट स्वीकृत गर्नु हुनुपर्दछ। कार्यान्वयनको लागि स्वीकृत गर्नुभन्दा पहिला गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समितिले स्थापित मापदण्डहरुका आधारमा योजनाको लेखाजोखा गर्नेछ। योजनाको स्वीकृतीको लागि पेश गर्नुभन्दा पहिला तयारी चरणका सवै क्रियाकलापहरु सम्पन्न गरिएको र लाभाम्बित घरधूरीले आमभेला मार्फत योजना स्वीकृत गरेको कुरा सनिश्चित गर्नुपर्दछ।

**<u>स्वीकृत गर्ने प्रकृया</u> :**

गाउँकार्यपालिका/नगरकार्यपालिका कार्यालयको तर्फबाट गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समितिले कार्यान्वयन चरणको सम्झौता हुनुपूर्व योजना स्वीकृत गर्दछ। योजनाको स्वीकृतीको लागि निम्न बमोजिमका आधारहरु पूरा भएका नभएका यकिन गरी यदि पूरा भएको अवस्थामा समितिको बैठकमा छलफल गरी निर्णय गर्दछ ।

- परियोजनाको चरणवद्ध कार्यविधि वमोजिम क्षमता विकासका प्रस्तावित क्रियाकलापहरु लगायत तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएको, अनुगमन टोलीबाट चेकजाँच भै गुणस्तर सुनिश्चित भएको,
- सम्पन्न सबै तयारी चरणका क्रियाकलापहरुको प्रतिवेदन पेश भएको,
- तयारी चरणको अनुगमन प्रतिवेदन प्राप्त भएको,
- योजनाको डिजाइन इष्टिमेटलाई कृषक समूह भेलामा पेश गरिएको र अन्तिम रुप प्रदान गरिएको,
- कृषक समूह/उपभोक्ता समितिको बैंक खाता सञ्चालनमा रहेको,
- योजनाको सामुदायिक कार्ययोजना तयार भै कृषक भेलाबाट पारित भएको,

माथिका सवै कागजात तथा दस्तावेजहरु परियोजना कार्यान्वयन गर्ने गाउँपालिका/नगरकार्यपालिका एकाईले गाउँपालिका/नगरकार्यपालिका कार्यालयमा पेश गरेको

## १०.स्थानीय सरकार र कृषक समूह/उपभोक्ता समिती बिच सम्झौता

पहिलो अनुगमन पश्चात योजना उपयुक्त भएमा परियोजना व्यवस्थापन समितिबाट स्वीकृत भई सकेपछि जिविकोपार्जनको हकमा कृषक समूह र कृषि/बन/खानेपानी/सिंचाई समूहको हकमा उपभोक्ता समिति र गाउँपालिका/नगरपालिका बिच लिखित सम्झौता हुन्छ। उक्त सम्झौताका लागि सहजिकरण परियोजनाका तर्फबाट हुनेछ।

कृषक समूह/उपभोक्ता समिति र गाउँपालिका/नगरपालिका बीच कार्यान्वयन चरणको सम्झौता पत्रको नमुना यस चरणबद्ध कार्यबिधिको अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ११. योजनाको सूचना बोर्ड

योजनाको सूचना बोर्ड पारदर्शिताको महत्वपुर्ण पक्ष हो । त्यसैले, परियोजना द्वारा संचालन हुने योजनाहरुको सम्झौता पश्चात अनुमानित लागत तथा निर्माण हुने संरचना तथा गतिबिधी/क्रियाकलापहरु स्पष्ट रुपमा देखिने गरि सार्वजनिक स्थलमा योजनाको सूचना बोर्ड राख्नु पर्नेछ ।योजनाको नमूना सूचना बोर्ड संलग्न छ ।

**योजना बोर्डको नमुना:**

Co-funded by the European Union
SUOMI FINLAND

--------------- गाउँपालिका
जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना
सुदूरपश्चिम प्रदेश, दार्चुला
------------------------ योजना
वडा नं. --

### सामाजिक तथा प्राविधिक विवरण

सहकारी/समूह/उपभोक्ता समितिको नामः ----------- ---------
सहकारी/समूह/उपभोक्ता समितिको दर्ता नं. ----------- ---------
लाभान्वित टोल/वस्तीहरु ............ योजनाको क्षेत्रफल (रो.) ----
योजना निर्माण अवधिः ................ देखि ................ सम्म

लाभान्वित घरधुरी

| ब्रा,क्षे,ठ,स | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|
| - | - | - | - | - |

लाभान्वित जनसंख्या

| ब्रा,क्षे,ठ,स | | दलित | | जनजाती | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | म | पु | म | पु | म | पु | म | पु |
| | - | - | - | - | - | - | - | - | - |

सहकारी/समूह/उपभोक्ता समितिको विवरण

| ब्रा,क्षे,ठ,स | | दलित | | जनजाती | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | म | पु | म | पु | म | पु | म | पु |
| - | # | # | # | # | # | - | # | # | # |

योजना अन्तरगत निर्माण हुने संरचनाहरु एवं प्रयोग हुने मेसिनरीहरु

| क्र.स. | योजनाका अंगहरु | संख्या | क्र.स. | योजनाका अंगहरु | संख्या |
|---|---|---|---|---|---|
| १ | संकलन केन्द्र | | ७ | | |
| २ | हाटबजार | | ८ | | |
| ३ | हरित घर | | ९ | | |
| ४ | वृक्षारोपण | | १० | | |
| ५ | कोल्ड स्टोरेज | | ११ | | |
| ६ | बायोईन्जीनियरिंग | | १२ | | |

योजनामा जलवायु अनुकूलन, जोखिम व्यवस्थापन, मूल्य श्रंखला प्रवर्धन तथा स्रोत संरक्षण लगायतका क्रियाकलापहरुः

प्रस्तावितः ------, ----- , -----, ------, ------, ----- , -----, ------
सम्पन्नः ------, ----- , -----, ------, ------, ----- , -----, ------

योजनामा तालिम प्राप्त मानव स्रोत साधन

| क्र.स. | मानव स्रोत साधनको विवरण | ब्राक्षेठस | | दलित | | जनजाती | | अन्य | | जम्मा | | सम्पर्क मोबाईल नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| १ | हेरालो/चौकीदार/गार्ड | # | - | # | # | # | # | # | # | # | - | |
| २ | अपरेटर | # | - | # | # | # | # | # | # | # | - | |
| ३ | | # | - | # | # | # | # | # | # | # | - | |

योजनाको रेखाङ्कन/नक्शाङ्कन

### विस्तृत लागत विवरण

| विवरण | अनुमानित लागत रु | वास्तविक लागत रु |
|---|---|---|
| बाह्य निर्माण सामग्री | | |
| स्थानीय सामग्री संकलन तथा अन्य अदक्ष श्रम | | |
| दक्ष श्रम | | |
| साधनद्वारा ढुवानी | | |
| मानिसद्वारा ढुवानी | | |
| स्टोर भाडा (रोडहेडमा) | | |
| उपभोक्ता समितिको व्यवस्थापन र अन्य खर्च | | |
| जम्मा | - | - |

लागत व्यहोर्ने श्रोत तथा निकायहरु

| विवरण | अनुमानित लागत रु | वास्तविक लागत रु |
|---|---|---|
| समुदायको | | |
| बस्तुगत सहयोग | | |
| नगद सहयोग | | |
| प्राकृतिक श्रोत विकास कोषको | | |
| गाउँपालिका/नगरपालिका नगद | | |
| नेपाल सरकार | | |
| फिनल्याण्ड /युरोपियन युनियन | | |
| जम्मा | - | - |

मर्मत संभार कोष सम्वन्धि विवरण *(आवश्यक भएमा)*
योजना संचालन पूर्व संकलित रकम रुः
योजना सम्पन्न हुदा सम्म संकलित रकम रुः
प्रति घर रु.

Cowater International

<u>योजना कार्यान्वयन</u>
गाउँपालिका/नगरपालिका परियोजना कार्यान्वयन गर्ने पालिका एकाई, --------------

*योजना बोर्डको आकार सामान्यतया ४X३ फिट वा आवश्यकता अनुसार हुनेछ*

## १२. क्षमता अभिवृद्धि तालिम

कृषि-वन र जीविकोपार्जन सम्बन्धित योजनाहरुको  प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरोकारवाला, कृषक समूह/उपभोक्ता समितीका सदस्य तथा लाभग्राही समुदायको क्षमता अभिवृद्धि आवश्यक हुन्छ। यी गतिविधिहरूले प्राविधिक ज्ञान, व्यवहारिक सीप, र वातावरणीय ज्ञान बढाउछ।

कार्यक्रम अन्तर्गत प्रस्तावित तालिमहरूद्वारा सहभागीहरूलाई योजना, कार्यान्वयन, संरक्षण, व्यवस्थापन र अनुगमन सम्बन्धी सम्पूर्ण ज्ञान प्रदान गरिनेछ। तालिमहरू दुई भागमा विभाजन हुनेछन्ः

- **सैद्धान्तिक तालिमः** हलमा सञ्चालन गरिने, जसमा अवधारणात्मक ज्ञान, नीति तथा प्राविधिक पक्षहरू समेटिनेछन्।
- **व्यवहारिक तालिमः** योजना स्थलगत रूपमा आधारित हुने, जहाँ प्रत्यक्ष अभ्यास र मार्गदर्शन प्रदान गरिनेछ। यो तालीम योजना कार्यान्वयनकै क्रममा कृषि-वन सहजकर्ताको उपस्थितमा प्रदान गरिन्छ।

प्रत्येक तालिमको लागि विस्तृत तालिम पाठ्यक्रम तयार गरिनेछ, जसको आधारमा तालिम सञ्चालन गरिनेछ । यसबाट सहभागीहरूलाई दीर्घकालीन रूपमा आफ्नो क्षेत्रमा सीप र ज्ञानको प्रयोग गर्न सक्ने क्षमता हासिल हुनेछ।

प्योजना कार्यन्वयनको क्रममा तपशिल बमोजिमका विषयहरुमा अभिमुखिकरण तथा स्थलगत प्रशिक्षण दिइनेछ ।

- कृषि वन
- घर बगैचा,
- जलवायु मैत्री कृषि,
- गँड्यौला मल उत्पादन
- भकारो सुधार

## १३. योजनाका गतिबिधिहरुको कार्यन्वयन

कुनै पनि योजना निर्माण गर्नु पूर्व योजनाको लागत अनुमान तयार गरिन्छ। उक्त लागत अनुमानमा योजनामा निर्माण गर्नुपर्ने सम्पूर्ण विषयवस्तुहरु समावेश भएका हुन्छन। यसै विषय वस्तुहरुलाई समेटी समुदायले कार्यान्वयन चरण शुरु हुनु अगावै सामुदायिक कार्ययोजना तयार गर्दछ र सोहि कार्ययोजना बमोजिम योजना निर्माण लगायतका क्रियाकलापहरु आरम्भ गरी सम्पन्न गर्दछ। परियोजना अन्तर्गत निर्माण हुने योजनाहरुमा योजना निर्माण कार्यका अतिरिक्त विभिन्न क्षमता विकासका क्रियाकलापहरु तथा जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनिकरण सम्बन्धी क्रियकलापहरु समेत समावेश हुन्छन। सामान्यतः कृषक समूह/उपभोक्ता समितिले परियोजना कार्यान्वयन गर्ने पालिका एकाईको सहजीकरण तथा गाउँपालिका/नगरपालिका र परियोजनाको सहयोगमा निम्न बमोजिमका क्रियाकलापहरु  गुणस्तरीय रुपमा सम्पन्न गरेपछि मात्र योजनाको निर्माण सम्पन्न भएको मानिन्छ ।

- डिजाइन तथा लागत अनुमानमा उल्लेख भए वमोजिम हरित घर, गँड्यौला मल, भकारो सुधार, नर्सरी स्थापना,
- सिंचाई तथा अन्य क्रियाकलापहरु

- संरचनामा फिनिसिंग तथा घेराबार कार्य
- रंगरोगन लगाउने कार्य

**क्षमता विकास सम्बन्धी**

- योजनाहरुको चरणवद्ध कार्य विधि अनुसार
- व्यावसायिक योजना तर्जुमा गरिएको र कार्यान्वयनमा ल्याईएको
- तर्जुमा भएका पुनर्ताजगी तालिमहरु सम्पन्न
- योजनाको पहिलो सार्वजनिक परीक्षण सम्पन्न
- अनुगमनहरु समयमा सम्पन्न भएको मानिन्छ ।
- निर्माण गरिने संरचना तथा खानेपानीका धाराबाट निस्कने खेर जाने पानीलाई घरबारीमा प्रयोग भएको वा उचित निकासको प्रवन्ध गरिएको
- संरचनामा आउन सक्ने भलहरु राम्रो संग तर्काइएको,
- पहिरो जानसक्ने स्थानमा टेवा पर्खालहरु लगाइएको,

## १४. अन्तिम अनुगमन तथा सार्वजनिक परीक्षण संचालन विधि

योजनाको निर्माण कार्य सम्पन्न भई सके पछि अन्तिम सार्वजनिक पारिक्षण गर्नु पर्ने हुन्छ।

योजनाको निर्माण कार्य सम्पन्न भई सके पछि अन्तिम सार्वजनिक परीक्षण गर्नु पर्ने हुन्छ। यसले वास्तविक लगानी, आम्दानी, कामको परिमाण र गुणस्तर, काम गर्ने तरिका र साझेदारहरूको बीच सुधारका उपायहरूको समयमै निदान गर्नु पर्ने निश्चितता प्रदान गर्दछ। जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनामा सार्वजनिक परीक्षणलाई महत्वपूर्ण कार्यको रूपमा लिइन्छ र योजना निर्माण क्रमको प्रत्येक चरणको अन्त्यमा कृषक समूह/उपभोक्ता समितिले सम्पन्न गर्दछ। सार्वजनिक परीक्षण कृषक समूह भेलाद्वारा गरिन्छ जसमा सम्पूर्ण कृषक समूह/उपभोक्ता समिती का साथै सम्बन्धित सरोकारवाला निकायहरूको पनि उपस्थिति रहन्छ।

अवधिः १ दिन

समयः कार्यान्वयन चरणको सम्पूर्ण कार्य सम्पन्न भएपछि

आयोजकः परियोजना कार्यान्वयन गर्ने पालिका एकाई

**अन्तिम सार्वजनिक परीक्षणको उद्देश्य**

सार्वजनिक परीक्षणका प्रमुख उद्देश्यहरू यस प्रकार छनः

- योजनका सम्पूर्ण खर्च तथा क्रियाकलापहरूको जाँचबुझ गरी कृषक भेलाबाट पारित गराउन।

- योजना सम्पन्न गर्ने अवधिमा आई परेका समस्या लेखाजोखा गर्न र समस्या समाधानका उपायहरू पत्तालगाउन ।
- योजनाको दिगो सञ्चालनका लागि निर्माण पश्चातको चरणमा सम्बोधन हुने उपयुक्त सञ्चालन नियम निर्धारण गर्न ।
- परियोजनाका सेवा सुविधाहरु लक्षित समूहले उपभोग गर्न पाए नपाएको एकिन गर्न ।
- पारदर्शिताद्वारा योजनाप्रति अपनत्वको भावनाको सिर्जना गराउन ।
- योजनाको रकम सहि रुपमा खर्च गरी गुणस्तरीय कार्य भए नभएको लेखाजोखा गर्न ।

**अन्तिम सार्वजनिक परीक्षणका सरोकारवालाहरू**

सार्वजनिक परीक्षणका प्रमुख सरोकारवालाहरू निम्न अनुसार छन:

- कृषक समूह/उपभोक्ता समितिका सदस्यहरू
- मिस्त्री, ज्याला पाउने तथा नपाउने कामदारहरू
- प्रत्यक्ष लाभान्वित घरधुरीका प्रतिनिधिहरु (५०% अनिवार्य महिला सहभागिता)
- गाउँपालिका/नगरपालिकाका तथा कार्यपालिका प्रतिनिधिहरू
- सम्बन्धित वडाका वडा अध्यक्ष तथा वडा समिति सदस्यहरू
- 
- गाउँपालिका/नगरपालिका स्तरका सम्बन्धित विषयगत शाखाका प्रमुखहरु
- नागरिक समाजका प्रतिनिधिहरू (यदि उपलब्ध भएमा)

**कृषक समूह/उपभोक्ता समितिले राख्नु पर्ने कागजातहरुः**

निम्न उल्लेखित योजनाका कागजातहरु कृषक समूह/उपभोक्ता समितिले राख्नु पर्दछः

- कृषक समूह/उपभोक्ता समितिको निर्णय पुस्तिका
- बील, भरपाई, भौचरहरु
- डिजाइन तथा लागत अनुमान प्रतिवेदन तथा योजनाको सम्झौता पत्र
- सामग्रीको अभिलेख
- डोर हाजिर फाराम तथा भुक्तानी खाता
- आगन्तुक पुस्तिका

**सार्वजनिक परीक्षणका औजारहरुः**

- सामुदायिक नक्शा
- कृषक समूह/उपभोक्ताको नामावली/सूची
- 
- योजनाको खर्च तथा आम्दानी विवरण

- लेखा सम्बन्धी अन्य कागजातहरु
- सहभागितात्मक अवलोकन
- केहि अगुवा कृषक को अन्तवार्ता
- विषयवस्तु माथि सहभागितात्मक छलफल
- पृष्ठपोषण

**अन्तिम सार्वजनिक परीक्षण प्रक्रिया**

यो सार्वजनिक परीक्षण कार्यान्वयन चरणको अन्त्यमा, कृषक समूह/उपभोक्ता समितिलाई अन्तिम किस्ता निकासा हुनुभन्दा पूर्व गरिन्छ। कृषक समूह/ उपभोक्ता समिति र परियोजना कार्यान्वयन गर्ने पालिका एकाई, गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समितिको सल्लाहमा निम्न उल्लेखित प्रक्रिया अनुसार सार्वजनिक परीक्षण गराउन जिम्मेवार रहन्छन।

- अनुगमन टोलीले सम्पूर्ण संरचनाहरु अवलोकन गरी उक्त संरचनाको निर्माण कार्य सम्पन्न भए नभएको जानकारी कृषक भेला भन्दा पहिला दिनु पर्दछ। उक्त टोलीले विभिन्न समूहहरु जस्तैः महिला, दलित, पिछडिएको वर्ग, , कृषक समूह/उपभोक्ता समितीहरु आदिसँग भेट गरी, योजना प्रतिको धारणा, योजना सम्पन्न गर्न अपनाइएको प्रक्रिया, कृषक समूह/उपभोक्ता समिति, परियोजना कार्यान्वयन गर्ने पालिका एकाई, गाउँपालिका/नगरपालिका तथा अन्य सरोकारवालाहरुको जिम्मेवारी र भूमिका कस्तो रह्यो भनी जानकारी लिने, साथै यस्ता वर्गको भनाईलाई अभिलेखीकरण गर्ने।
- प्रत्यक्ष लाभान्वित घरधुरीको उपस्थिति (५०% महिला अनिवार्य) हुने गरी कृषक भेलाको आयोजना गर्ने। कृषक भेला हुने मिति, समय र स्थान सहितको सूचना जानकारी दिनु जरुरी हुन्छ ।
- योजनाले पुर्याएको फाइदाको जानकारी कृषक भेलामा प्रस्तुत गर्ने।
- योजना सम्पन्न कृयाकलापहरुको साथै आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने। सार्वजनिक परीक्षण गर्नु अगावै आर्थिक विवरणहरु कृषक समूह/उपभोक्ता समितिको बैठकमा छलफल गरी कृषक भेलाको लागि तयारी गर्नुपर्दछ। । सम्पूर्ण खर्चहरु योजनाको डिजाइन तथा लागत अनुमानको प्रत्येक शीर्षक अनुसार भए नभएको एकिन गर्नुपर्दछ।
- पहिलो सार्वजनिक परीक्षणमा भएका सुझावहरुमाथि छलफल गर्ने।
- कृषक समूह/उपभोक्ता र अनुगमन टोलीलाई छलफल गर्न समय दिने।
- सहभागीहरुको जिज्ञासा र प्रश्नहरुलाई सम्बोधन गर्ने। सार्वजनिक परीक्षण गर्नु अगावै कृषक समूह/उपभोक्ता समितिले सम्पूर्ण तयारी गर्नु पर्दछ , कुनै विषयमा स्पष्टिकरण दिनु पर्ने अवस्थामा आवश्यक कागजातहरु तयार पार्नु पर्दछ। कृषक समूह/उपभोक्ता समिति र उपभोक्ताबीच हुने विश्वासको वातावरणले योजनाको दिगोपनामा असर गर्दछ।
- अनुगमन टोलीले समुदाय र कृषक समूह/उपभोक्ता समितिसँग आवश्यकता अनुसार र अनुगमन निर्देशिकामा उल्लेख भए अनुसार छलफल गर्दछ।

- योजनाको अन्तिम स्वीकृतिका लागि कृषक समूह/उपभोक्ता समितिको निर्णय पुस्तिकामा सम्पूर्ण छलफल र निर्णयको माइन्यूटिङ्ग गर्नु पर्दछ।
- अनुगमन टोलीले योजनाको सम्पूर्ण अवस्था र दिइएको सुझाव कृषक भेलामा प्रस्तुत गर्दछन । छलफल पछि, आवश्यक भएमा, कृषक भेलाले परीक्षणलाई अनुमोदन गरी गाउँपालिका/नगरकार्यपालिका कार्यालयसँग अन्तिम किस्ता माग गर्ने निर्णय गर्दछ ।
- उपस्थित सम्पूर्ण सहभागीको उपस्थितिमा र अन्तिम पानामा (निर्णय गरिएको पाना) हस्ताक्षर गराउनु पर्दछ ।
- परियोजना कार्यान्वयन गर्ने पालिका एकाईले अन्तिम प्रतिवेदन तयार गरी गाउँपालिका/नगरकार्यपालिका कार्यालयमा पेश गर्दछ ।
- अनुगमन पुस्तिकामा नै सम्पूर्ण कुरा समावेश हुने भएकोले सार्वजनिक परीक्षणको छुट्ट प्रतिवेदन तयार गरिनु पर्दैन ।

## १५. कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तयारी, र अन्तिम भुक्तानी

योजनाको अन्तिम सार्वजनिक परीक्षण सम्पन्न भएपछि सब इन्जिनियरले प्राविधिक अधिकृतको सहयोगमा योजनाको नापी किताब तयार गर्दछन। यस्तो नापी किताब कम्प्युटरमा तयार गरिन्छ र यसमा सबै संरचनाहरुको फरक फरक सिटमा वास्तविक काम भएको आधारमा परिमाण चढाइन्छ। जस अनुसार अनुमानित गरिएको परिमाण र लागतको तुलनामा वास्तविक रुपमा काम भएको परिमाण र लागतको तुलना गरिन्छ। सबै कामको विवरण चढाइसकेपछि अनुमानित र वास्तविक खर्चको साराँश तालिका तयार गरिन्छ, यो नै योजना सम्पन्न प्रतिवेदन हो।

अनुमानित र वास्तविक सम्पन्न कामको परिमाण र लागतको तुलनात्मक तालिका तथा साराँश तालिका परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका सब इन्जिनियरले प्राविधिक अधिकृतको सहयोगमा तयार गर्दछन र गाउँपालिका/नगरपालिकाका पूर्वाधार शाखा प्रमुख वा तोकिएको प्राविधिकले चेकजाँच गरी स्वीकृतीको लागि गाउँपालिका/नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्दछन। यस तुलनात्मक तालिकामा हरेक खर्च शिर्षकमा अनुमानितको आधारमा कम वा बढि खर्च भएको विवरण रकम तथा प्रतिशत सहित हिसाव निकालिन्छ। पहिला नै लागत अनुमानमा संशोधन नगरिएको अवस्थामा हरेक शिर्षकमा अनुमानित भन्दा बढि रकम भुक्तानी गर्नुहुँदैन।

कार्यसम्पन्न प्रतिवेदन तयार भएपछि कृषक समूह/उपभोक्ता समितिको भुक्तानी बील तयार गरिन्छ जसमा कृषक समूह/उपभोक्ता समितिले यस अगाडि लिएको पेश्की रकम घटाई अन्तिम किस्ता वापत भुक्तानी दिन मिल्ने कुल रकमको हिसाव गरिन्छ। यस बीलमा योजनाको लागत अनुमान तथा सम्झौता बमोजिम खरिद गरिएको सामग्रीको खर्च, कामदारको खर्च, ढुवानीको खर्च लगायत वास्तविक खर्चको आधारमा कृषक समूह /उपभोक्ता समिति व्यवस्थापन खर्च लगायतका सम्पूर्ण खर्च चढाई अन्तिम किस्ता भुक्तानी रकम हिसाब गरिन्छ।

**कृषक समूह/उपभोक्ता समितिलाई अन्तिम किस्ता भुक्तानी**

आवश्यक कागजात तयार भई स्वीकृत पश्चात गाउँपालिका/नगरपालिका कार्यान्वयन एकाईले कृषक समूह/उपभोक्ता समितिको अन्तिम किस्ता भुक्तानीको लागि गाउँपालिका/नगरपालिका कार्यालयमा पेश गर्दछ। कृषक समूह/उपभोक्ता समितिको अन्तिम किस्ता भुक्तानीको लागि निम्न बमोजिमका कागजातहरु आवश्यक पर्दछ ।

- अन्तिम किस्ता पाउनको लागि कृषक समूह/उपभोक्ता समितिको निवेदन
- नापी किताब तथा नापी किताब बमोजिम योजनाको अन्तिम मूल्याङ्कन सीट
- योजनाको सार्वजनिक परीक्षण प्रतिवेदन तथा माइन्यूट
- वडा कार्यालयको लिखित सिफारिस
- योजनाको अन्तिम अनुगमनको प्रतिवेदनको फोटोकपी
- प्राविधिक सहायता सल्लाहकार वा नीजले तोकेको परियोजना प्रतिनिधिको लिखित सिफारिस गरिन्छ

कृषक समूह/उपभोक्ता समितिलाई अन्तिम किस्ता भुक्तानी दिंदा वास्तविक खर्चको आधारमा भुक्तानी दिइने भएकोले सम्झौतामा उल्लेख भएको सम्पूर्ण रकम कृषक समूह/उपभोक्ता समितिलाई भूक्तानी नहुन पनि सक्छ। यसरी बच्न जाने रकम सोहि गाउँपालिका/नगरपालिकाभित्र परियोजनाको अन्य क्रियाकलापमा खर्च गरिन्छ। यसर्थः परियोजना पालिका एकाई तथा परियोजनाका कर्मचारीहरुले यस विषयमा कृषक तथा कृषक समूह/उपभोक्ता समितिलाई पहिला नै स्पष्ट रुपमा बुझाउनु आवश्यक छ जसले गर्दा समुदायमा अन्तिम किस्ता भुक्तानी सम्बन्धी भ्रम उत्पन्न भै विवाद हुने सम्भावना कम रहन्छ। कृषक समूह/उपभोक्ताले योजना निर्माण तथा मर्मत सम्भारमा योगदान गर्नुपर्ने रकम तथा गाउँपालिकाले लगानी गर्नुपर्ने रकम पुरै कृषक समूह/उपभोक्ता समितिको खातामा जम्मा नभएसम्म गाउँपालिका /नगरपालिकाबाट अन्तिम किस्ता रकम भुक्तानी दिइनेछैन। सामान्यतः निम्न अवस्थामा भुक्तानी रकम कटौती हुनसक्छ।

- लागत अनुमान प्रतिवेदनमा निर्दिष्ट गरिए अनुसार कुनै कार्य सम्पन्न नगरेको, फेरवदल गरेको वा बिना पूर्व स्वीकृती डिजाइन तथा लागत अनुमान परिवर्तन गरेमा वा गुणस्तरमा कमी आएमा वा निर्धारित गुणस्तर बमोजिम सामग्री खरीद नगरेमा कृषक समूह/उपभोक्ता समितिलाई दिने रकम कटौती गरिनेछ।
- कृषक समूह/उपभोक्ता समितिलाई भुक्तानी दिने भनी उल्लेख भएको अन्तिम किस्ता रकम वास्तविक मूल्याङ्कनको आधारमा दिइने भएकोले योजनामा भएको वास्तविक खर्चको मूल्याङ्कन वमोजिम मात्र अन्तिम किस्ता भुक्तानी हुनेछ तर कुनै पनि अवस्थामा अन्तिम किस्तामा उल्लेख भएभन्दा बढि रकम कृषक समूह/उपभोक्ता समितिलाई भुक्तानी दिइनेछैन। यदि योजनाको लागत बढ्न जाने भएमा उचित कारण सहित उपभोक्ता समितिले गाउँपालिका /नगरपालिकामा आवेदन दिई अग्रीम रुपमा स्वीकृती लिएको अवस्थामा मात्र बढि हुन जाने रकम भुक्तानी हुन सक्नेछ।
- योजनाको अन्तिम मूल्याङ्कन गर्दा लागत अनुमानमा उल्लेख भएका शिर्षकहरुमा अनुमानित भन्दा बढि मूल्याङ्कन गर्न पाइने छैन ।

यस सम्बन्धी विस्तृत विवरण कृषक समूह/उपभोक्ता समिति तथा गाउँ/नगरपालिका वीच गरिने सम्झौता पत्रमा उल्लेख गरिएको छ।

**योजनाको सूचना बोर्ड अद्यावधिक गर्ने**

कार्यान्वयन चरणको सम्झौता सम्पन्न भएपछि योजनाको सूचना बोर्ड राख्ने कुरा यसअघि नै खुटकिलामा उल्लेख गरिएको छ। योजनाको मूल्याङ्कन सम्पन्न भई कृषक समूह/उपभोक्ता समितिले अन्तिम किस्ता भुक्तानी लिन बित्तिकै उक्त सूचना बोर्ड वास्तविक खर्चको आधारमा अद्यावधिक गरी सबैले देख्ने ठाउँमा राख्नु पर्दछ ।

योजनाको लागत अनुमान स्वीकृत भए लगत्तै योजनाको सूचना बोर्ड फलेक्समा तयार गरी योजना क्षेत्रमा सबैले देख्ने स्थानमा राख्नु पर्दछ। उक्त बोर्डमा अनुमानित लागत मात्र चढाइएको हुन्छ। योजना सम्पन्न भैसकेपछि योजना सम्पन्न प्रतिवेदनको आधारमा वास्तविक लागत समेत चढाई स्थायी प्रकृतिको सूचना बोर्ड बनाएर सबैले देखिने स्थानमा बलियो गरी गाडनु पर्दछ ताकि कुनै पनि सरोकारवाला वा उपभोक्ताले योजनाको लाभान्वित समुदाय तथा आम्दानी खर्चको बारेमा सजिलै जानकारी लिन सकोस।

## १६: दिगो उत्पादन योजना (सेवा विस्तार तथा बजारीकरण)

कृषि वन र जीविकोपार्जन योजनाहरु सम्पन्न भए पश्चात कृषक समूह भेला/लाभान्वित घरधूरीको भेला बसी दिगो उत्पादन योजना अनिवार्य रुपमा तयार गर्नु पर्दछ। यसरी योजना तयार गर्दा कृषक समूह/उपभोक्ता समितीका सम्पूर्ण सदस्यलाई बोलाई सदस्यहरूको सहभागिताबाट यो योजना तर्जुमा गरिनुपर्दछ। तर्जुमा गरिएको योजना त्यस भेलामा सर्वसम्मतिमा पारित गरिनुपर्दछ। योजना तयार गर्दा कृषि वन र जीविकोपार्जनका योजना पश्चात अनिवार्य रुपमा गर्नै पर्ने र गर्न सकिने दिगोपना को क्रियाकलाप सामावेश गर्नुपर्छ। उक्त योजना कार्यान्वयन भए नभएको तथा प्रभावकारिताको लागि कार्य सम्पन्न पश्चात को अनुगमन गरिनेछ ।

**उद्देश्य;**

- सम्पन्न कृषि वन र जीविकोपार्जनका योजनाहरु दीर्घकालीन रुपमा उपयोग,संचालन र उत्पादन विस्तार गरी त्यसबाट प्राप्त हुने लाभलाई निरन्तर, समावेशी र जलवायुमैत्री ढंगले सुनिश्चित गर्न,
- दिगो उत्पादन तथा बजारीकरणको लागि तर्जुमा गरिएको दिगो उत्पादन योजना बमोजिम क्रमबद्ध रुपमा संचालन तथा विस्तार गर्न,
- दिगो उत्पादन योजना कार्यन्वयनमा हुन सक्ने सम्भावित जोखिम लाई घटाउन ।

पहिलो चरणमा कृषकलाई खेती क्षेत्रफल र खेतीको उद्देश्यका आधारमा वर्गीकरण गरिनेछ। घर आँगनमा (१ रोपनीभन्दा कम क्षेत्रफलमा) पोषणका लागि खेती गर्ने कृषकलाई बाली विविधिकरण, जलवायु प्रतिरोधात्मक क्षमता तथा विस्तारमा जोड दिँदै दिगोपनाको योजनाअन्तर्गत छुट्टै रूपमा सहयोग गरिनेछ। त्यस्तै, १ रोपनीभन्दा बढी क्षेत्रमा जलवायु मैत्री प्रविधि अपनाई बिक्री उद्देश्यका लागि खेती गर्ने कृषकलाई व्यवसायिक योजना अनुसार खेती गर्न, खेती क्षेत्र विस्तार गर्न र LACCP का मूल्य श्रृंखलाका गतिविधिहरु (जस्तै संकलन केन्द्र, हाट बजार आदि) सँग जोड्न अभिमुखीकरण गरिनेछ।

दिगो उत्पादन योजना तयार गर्ने चरणहरू

- योजनाका सबै क्रियाकलाप सम्पन्न भएपछि कृषक समूहसँग बैठक आयोजना गर्ने।
- बैठकमा प्रत्यक्ष लाभान्वितमध्ये कम्तीमा ७५ प्रतिशत उपस्थित भएको सुनिश्चित गर्ने, जसमा कम्तीमा ५०% महिला तथा दलित, जनजाति, पिछडिएको वर्ग (DAG) का प्रतिनिधिहरूको सहभागिता हुने।
- कृषकलाई दुई समूहमा वर्गीकरण गर्नेःआत्मनिर्भर/घरबगैंचामा खेती गर्ने कृषक (१ रोपनीभन्दा कम क्षेत्रफलमा खेती गर्ने) र व्यावसायिक कृषक (१ रोपनीभन्दा बढी क्षेत्रफलमा खेती गर्ने)
- दुवै प्रकारका कृषकसँग तालिकामा उल्लेख गरिएका प्रश्नहरू छलफल गर्ने।

| १ रोपनीभन्दा कम क्षेत्रफलमा खेती गर्ने कृषकहरू | १ रोपनीभन्दा बढी क्षेत्रफलमा खेती गर्ने कृषकहरू |
|---|---|

| | |
|---|---|
| १. के खेतमा विभिन्न प्रकारका बालीहरू उब्जाइँदैछन्?<br>☐ छ ☐ छैन<br>एकाई भूमिमा धेरै प्रकारका बाली लगाइएको सुनिश्चित गर्ने र यसलाई अनुगमन गर्न समूहबाट कसैलाई जिम्मेवारी दिने | १. के कृषकले उत्पादित वस्तुको व्यवसायिक योजना तयार गरेका छन्?☐ छ ☐ छैन<br>व्यवसायिक योजना प्रमाणीकरण गर्न प्रतिनिधि तोक्नुपर्नेछ, जसले गर्दा कृषकहरू उत्पादनको एकाई लागतबारे सचेत हुन सकून्। यदि कुनै कृषकले अझै व्यवसायिक योजना तयार नगरेका छन् भने, त्यस प्रक्रिया सहज बनाउन सहयोग गर्ने। |
| २. के खेतमा कृषि, पशुपालन र कृषि-वन जस्ता घटकहरूको एकीकरण भएको छ?<br>☐ छ ☐ छैन<br>यी घटकहरू राम्रोसँग एकीकृत भएको सुनिश्चित गर्न समूहबाट कसैलाई जिम्मेवारी दिने। | २. के बाली खेती/जलवायु मैत्री संरचना निर्माण/गोठ सुधार सम्बन्धी क्रियाकलाप समूहद्वारा पूर्ण रूपमा सम्पन्न गरिएको छ?<br>☐ छ ☐ छैन<br>यस चरणलाई प्रमाणीकरण गर्न प्रतिनिधि तोक्ने। |
| ३. के कृषकले खेतीको मौसम अनुसार आवश्यक पर्ने कृषि सामग्रीहरूको सूची तथा ती सामग्री उपलब्ध गराउने सम्भावित आपूर्तिकर्ताको विवरण तयार गरेका छन्? ☐ छ ☐ छैन<br>कृषकहरूलाई खेतीका लागि आवश्यक सामग्रीबारे जानकारी भएको र उनीहरूसँग सामग्री आपूर्तिकर्तासँगको सम्बन्ध रहेको सुनिश्चित गर्नु पर्छ। यसलाई सुनिश्चित गर्न समूहबाट कसैलाई जिम्मेवारी तोक्नुहोस्। | ३. के कृषकले खेतीको मौसमभर आवश्यक पर्ने प्रमुख कृषि सामग्रीहरूको सूची तयार गरेका छन् र तिनका सम्भावित आपूर्तिकर्ताहरू पनि उल्लेख गरेका छन्?<br>☐ छ ☐ छैन<br>कृषकहरूले खेतीका लागि आवश्यक सामग्रीको बारेमा जानकारी राखेका छन् र आपूर्तिकर्तासँग सम्बन्ध भएको सुनिश्चित गर्नुपर्छ। यसलाई सुनिश्चित गर्न समूहबाट कसैलाई जिम्मेवारी तोक्नुहोस्। |
| ४. के अपेक्षित फलनले कृषकहरूको वर्षभरको खाना आवश्यकतामाथि पुग्नेछ? ☐ छ ☐छैन<br>यदि उत्पादनले कृषकहरूको खानापूर्ति पर्याप्त नहुने भए, कृषकहरूले वैकल्पिक खाद्य स्रोतहरू राखेका छन् र खेती क्षेत्र विस्तार गर्ने योजना बनाएको सुनिश्चित गर्नुहोस्। कृषकहरूले विस्तार गर्न लागेको क्षेत्रको विवरण नोट गर्नुहोस्। | ४. समर्थित हस्तक्षेपबाट उत्पादन कहिले प्राप्त हुनेछ? साथै अपेक्षित उत्पादन पनि उल्लेख गर्नुहोस्।<br>कृषकहरूले अपेक्षित अनुसार उत्पादन गर्ने वस्तुहरूको सूची बनाउनुहोस् र कुल परिमाण नोट गर्नुहोस्।<br>५. के उत्पादन गरिएको वस्तु किन्ने सम्भावित बजारकर्ता पुष्टि गरिएको छ? ☐छ ☐ छैन<br>यदि छैन भने, ती बजारकर्ताहरू को—को हुन्? |

| | |
|---|---|
| | ☐ सहकारी ☐ थोक व्यापारी ☐ खुद्रा व्यापारी<br>☐ संकलक ☐समूह आफैं ☐ अन्य<br><br>उत्पादन गरिएको वस्तु LACCP प्रोत्साहित सहकारी वा मूल्य श्रृंखला सम्बन्धित बजारकर्तामार्फत बिक्री हुने सुनिश्चित गर्न समूहबाट सदस्य तोक्नुहोस्। |

माथि उल्लेखित प्रश्नहरू बैठकमा सुनिश्चित गरेपछि, कृषकहरूले उनीहरूले उत्पादन गर्ने कृषि उत्पादनको उत्पादन र बजारबारे स्पष्ट बुझाइ राखेको सुनिश्चित गर्नुहोस्। यी छलफलहरू स्पष्ट रूपमा नोट गरिनु पर्छ र समूहको माइनुट कृषकहरूको दिगो उत्पादनमा योगदान गर्ने प्रतिबद्धता सहित उल्लेख गरिनु पर्छ।

## १७. क्रियाकलापको दिगोपना निगरानी तथा अनुगमन

कृषि-वन र जीविकोपार्जन योजनाहरुमा सम्पन्न भएका क्रियाकलापको कम्तीमा आवश्यकता अनुसार निगरानी तथा अनुगमन गरिनुपर्छ। यस कार्यमा सम्बन्धित परियोजना कार्यान्वयन गर्ने पालिका एकाईबाट कृषि-वन सहजकर्ता वा गाउँपालिका/नगरपालिका अन्तर्गतको कृषि शाखाको उपस्थिति हुनु आवश्यक छ।

**अनुगमन प्रक्रियामा निम्न कुराहरू समावेश हुन्छन्:**

- **स्थलगत अवलोकन र छलफलः** कार्यान्वयन गरिएका क्रियाकलापको अवस्था र दिगो उत्पादन योजनाको कार्यान्वयनको प्रगतिको जानकारी लिन।
- **दस्तावेज परीक्षणः** कृषक समूह/उपभोक्ता समिती का कागजातहरूमा उचित अभिलेख राखिएको सुनिश्चित गर्न।
- **अनुगमन समितिका प्रतिवेदन र अभिलेखको समीक्षाः** स्थलगत जानकारी सङ्कलन गर्न र अनुगमनका लागि सिफारिसहरू प्रस्ताव गर्न।

प्रतिवेदनले क्रियाकलापको कार्यान्वयनको अवस्था र प्रभावकारितालाई विस्तृत रूपमा उल्लेख गर्नुपर्छ, थप सुधार आवश्यक पर्ने क्षेत्रहरूलाई विशेष जोड दिँदै, अनुगमन टोलीले दिगो उत्पादन योजनामा समावेश गरिएका क्रियाकलापहरू कसरी सञ्चालन भएका छन् भनी विशेष रूपमा मूल्याङ्कन गर्नेछ, यस जानकारी सङ्कलन गर्न स्थलगत भ्रमण गरी परियोजनाले तयार पारेको चेकलिस्ट पेश गर्नेछ। क्रियाकलापको अवस्थाको विश्लेषणका आधारमा थप सुधार आवश्यक पर्ने कुनै पनि क्षेत्रलाई चेकलिस्टमा स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ।

**मुख्य उद्देश्यहरू निम्नअनुसार छन्:**

- **क्रियाकलापको प्रभावकारिता मूल्याङ्कनः** सम्पन्नगरिएका कृषि-वन र जीविकोपार्जन क्रियाकलापहरूले अपेक्षित नतिजा हासिल गरे वा गरेनन् भनी मूल्याङ्कन गर्न।
- **दिगोपनाको सुनिश्चितताः** परियोजनाका गतिविधिहरू र तिनका फाइदाहरू दीर्घकालसम्म कसरी कायम रहन्छन् भनी सुनिश्चित गर्नु र दिगो उत्पादन योजनाको कार्यान्वयनको अवस्था जाँच गर्न ।
- **सुधारका क्षेत्रहरू पहिचानः** दिगो उत्पादन योजनाको कार्यान्वयनमा देखिएका कमीकमजोरीहरू वा थप सुधार गर्नुपर्ने अवस्थाहरूको विश्लेषण गरी भविष्यका लागि सिकाइ र आवश्यक सिफारिसहरू प्रस्तुत गर्न।
- **स्रोतको उचित प्रयोगको लेखाजोखाः** प्राप्त विधि तथा जलवायु मैत्री कृषि प्रविधिहरुको उचित र प्रभावकारी प्रयोग भएको छ वा छैन भनी जाँच गर्न।
- **उत्तरदायित्वः** कृषक समूह/उपभोक्ता समितीलाइ विधि तथा जलवायु मैत्री कृषि प्रविधिहरु प्रयोगको उत्तरदायित्व बोध गराउन ।
- **दिगो उत्पादन** योजनाको पुनरावलोकनः अनुगमनबाट प्राप्त जानकारीका आधारमा आगामी योजना र कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन आवश्यक सुझावहरू दिनु।

  **नोटः** दिगो अनुगमन र गतिविधिहरूको सुपरिवेक्षणको क्रममा, **दिगो उत्पादन योजना (सेवा विस्तार तथा बजारीकरण)** मा उल्लेख गरिएको तालिकाको अनुगमन गरिनेछ र त्यसको अनुगमन तथा नीगरानी गरिनेछ।

# अनुसूची १: सम्भाव्यता अध्ययन फाराम

**पूर्वाधारहरुको विवरण**

- ☐ ग्रीन हाउस
- ☐ गँड्यौला मल पिट
- ☐ भकारो सुधार
- ☐ नर्सरी स्थापना

**सम्भाब्यता अध्ययनका विषयवस्तुहरु**

१ प्राविधिक पक्ष

२ सामाजिक पक्ष

३ व्यवसायिक तथा व्यवस्थापन पक्ष

४ वातावरणीय पक्ष

५ आर्थिक पक्ष

**कृषि-वन र जीविकोपार्जन पूर्वाधारहरूको सम्भाव्यता अध्ययन फारम**

**१: लाभान्वित घरधुरीको विवरण**

| जातीय विवरण | घरधुरी संख्या | महिला | पुरुष | अन्य | अपाङ्गता भएका व्यक्ति |
|---|---|---|---|---|---|
| ब्रा/क्षे/ठ/स | | | | | |
| दलित | | | | | |
| जनजाती | | | | | |
| अन्य ......... | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | | | | | |
| सूचनादाताको नाम | | | | | |

| |
|---|
| **२: प्राविधिक पक्ष** |
| **योजनाको प्रकृति :** ☐ नयाँ ☐ स्तरवृद्धि/प्रवर्धन |
| यदि योजना स्तरवृद्धि/प्रवर्धन हो भने , घरधुरि सङ्ख्या र प्रविधि उल्लेख गर्नुहोस........................................ |
| **भौतिक संरचना** |

| प्रस्तावित क्रियाकलापहरु | स्थानः | GPS: |
|---|---|---|
| ग्रीन हाउस निर्माण | | |
| गँड्यौला मल पिट | | |
| भकारो सुधार | | |
| नर्सरी स्थापना | | |
| अन्य | | |
| | | |

**श्रोत तथा सामग्रीहरुको स्थानीय स्तरमा उपलब्धता**

| **आवस्यक श्रोत तथा सामग्रीहरु** | **उपलब्धता (छ/छैन)** | **कैफियत** |
|---|---|---|
| १. गिट्टी | | |
| २. बालुवा | | |
| ३. ढुंगा | | |
| ४. बाँस | | |
| ५. बजार सामग्री | | |
| ६. ग्रीन हाउसका लागि काठ | | |
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |
| **३: सामुदायिक पक्षहरु** | | |
| प्रस्तावित संरचना निर्माणहुने जग्गाको प्रकार,<br>यदि निजि भएमा जग्गाको कित्ता नम्बर ............. | ☐निजि ☐भाडामा | |
| के प्रस्ताव गरिएको योजनामा प्रभाव पार्ने गरी विवाद वा समुदायमा विवाद वा द्वन्द्व छ,<br>यदि छ भने कहिले सम्म विवाद समाधान गर्न सकिन्छ ? उल्लेख गर्नुहोस। | ☐ छ ☐ छैन | |
| स्थानीय समुदाय र सरोकारवालाहरूको सहभागिता र समर्थन<br>(जस्तैः सामुदायिक स्वीकृति, रोजगारीको अवसर, समुदायको भूमिकाबारे) | ☐ छ ☐ छैन | |
| के योजना गाउँपालिका/नगरपालिकाको योजना तर्जुमा प्रक्रियाबाट छनौट गरिएको हो ? | ☐ हो ☐ होइन | |
| गाँउस्तरीय योजना तर्जुमा गर्दा समुदायको सहभागिता थियो ? | ☐ हो ☐ होइन | |
| योजना कार्वान्यनमा लैजानलाई ध्यान दिनुपर्ने कानुनी तथा नीतिगत पक्षहरू | १.<br>२.<br>३. | |
| **४: व्यवसायिक तथा व्यवस्थापन पक्ष** | | |
| के उत्पादित बस्तुको उत्पादन क्षेत्र/संकलन मात्रा विस्तार गर्ने सम्भावना छ?<br>यदि छ भने, विस्तार गरिने क्षेत्रफल (हेक्टर ) ——, संकलन ................ टन | ☐ छ ☐ छैन | |
| कृषक समूह/उपभोक्ता समितीले उत्पादन गर्न चाहेको उत्पादित बस्तुको व्यवसायिक योजना छ? | ☐ छ ☐ छैन | |
| उत्पादन पुऱ्याउन सडक र यातायातको सुविधा छ ?<br>यदि छैन भने विस्तार को योजनाको बारेमा उल्लेख गर्ने | ☐ छ ☐ छैन | |

| | | | |
|---|---|---|---|
| उत्पादन, प्रशोधन र भण्डारणका को उपलब्धता कस्तो छ? | ☐ छ ☐ छैन | | |
| योजना संचालन गर्न कृषक समूह/उपभोक्ता समिती संग न्यूनतम आवश्यक प्राविधिक सिप/ज्ञान | ☐ छ ☐ छैन | | |
| **प्रस्तावित योजनाको स्थलगत अवस्थाः** | **छ** | **छैन** | **कैफियत** |
| सिंचाईको लागि पानीको उपलब्धताः | ☐ | ☐ | |
| जमिनको उपलब्धता | ☐ | ☐ | |
| रैथाने बिउहरूको उपलब्धता | ☐ | ☐ | |
| उत्पादनको लागि आवश्यक मलहरूको उपलब्धता | ☐ | ☐ | |
| आवस्यक बेर्ना हरुको उपलब्धता | ☐ | ☐ | |
| सुधारिएको गोठ वा भकारो | ☐ | ☐ | |
| बाटोको पहुँचः | ☐ | ☐ | |
| अन्य आवश्यक सुविधाहरुः....................... | ☐ | ☐ | |
| **५: वातावरणीय पक्ष** | | | |
| के योजना तथा वातावरणीय हिसाबले ठिक छ?<br><br>यदि छैन भने कारण लेखुहोस् | ☐छ ☐ छैन<br>१.<br>२.<br>३. | | |
| जोखिमका मुख्य क्षेत्रहरू के-के हुन सक्छन र न्यूनीकरण उपाय के अबलम्बन गर्न सकिन्छ ? | १.<br>२.<br>३.<br>४. | | |
| | | | |
| **६: आर्थिक पक्ष** | | | |
| योजनाको मोटमोटि लागत | रु ....................................... | | |
| योजनाको बजेट | रु ....................................... | | |
| अनुदान | रु ....................................... | | |
| श्रमदान | रु ....................................... | | |
| के परियोजनाको कार्यविधि बमोजिम लाभाम्बित घरधूरीहरु श्रमदान गर्न तयार छन्? | ☐छ ☐ छैन<br>१. | | |

| | |
|---|---|
| छैनन् भने किन कारण लेख्नुहोस् | २.<br>३. |

**बजारीकरणको सम्भाव्यता अध्ययन**

| | |
|---|---|
| उत्पादन बस्तुको मुख्य खरिदकर्ता को हुन्? | ☐ **संकलक** ☐ **उपभोक्ता** ☐ **होलसेल ब्यापारी** ☐ **खुद्रा ब्यापारी** ☐ **अन्य** |
| खरिदकर्ता संग कुनै किसिमको खरिद सम्झैता छ? | ☐ छ ☐ छैन |
| उत्पादन बस्तु खपत हुने बजार कुन कुन हुन्? | ........................................................<br>........................................................<br>........................................................<br>........................................................ |
| के कृषक/उपभोक्ता समिती को उत्पादनको बजार बिस्तारको सम्भावना छ ? | ☐ छ ☐ छैन |
| उत्पादित सामग्री बजार/सहकारी सम्म ढुवानी कसरी गर्ने गरिन्छ ? | ☐ गाडी ☐ उत्पादक आफैले ☐ घोडा/खच्चर ☐ अन्य |
| वरपर कुनै संकलन केन्द्र वा बजार पूर्वाधार छ? | ☐ छ ............... कि.मी दुरी मा ☐ छैन |
| सञ्चार सुविधा (मोबाइल/इन्टरनेट) उपलब्ध छ? | ☐ छ ☐ छैन |
| कृषि उत्पादनबाट हुने आम्दानीले नियमित घर खर्चको आपूर्ति हुन्छ? | ☐ हुन्छ ☐ हुदैन |
| कृषक/ उपभोक्ता समितीको उत्पादनमा वृद्धि भए बजार पहुँचमा सुधार हुन्छ? | ☐ हुन्छ ☐ हुदैन |
| **योजनाको प्रारम्भिक नक्सा** | |

## अनुसूची २ः विस्तृत प्राविधिक सर्वेक्षण फारम

**विस्तृत प्राविधिक सर्वेक्षण फारम**

| | | | | | |
|---|---|---|---|---|---|
| सर्वेक्षण मिति | | | | | |
| **लाभान्वित घरधुरीहरुको विवरण** | | | | | |
| **जातीय विवरण** | **घरधुरी संख्या** | **महिला** | **पुरुष** | **अन्य** | **अपाङ्गता भएका व्यक्ति** |
| ब्रा/क्षे/ठ/स | | | | | |
| दलित | | | | | |
| जनजाती | | | | | |
| अन्य ......... | | | | | |
| जम्मा | | | | | |
| सूचनादाताको नाम ......... | | | | | |
| **जग्गाको विवरण** | | | | | |
| प्रस्तावित संरचना निर्माणहुने जग्गाको प्रकार | ☐ निजि ☐ भाडामा | | | | |
| प्रस्तावित संरचना निर्माणहुने जग्गाको को बनोट कस्तो छ, गरा मिलेको जग्गा छ कि छैन | ☐ सम्म मिलेको जमिन<br>☐ खनेर मिलाउनु पर्ने जमिन | | | | |
| **भैतिक संरचना** | | | | | |

| संरचनाको प्रकार | निर्माण गरिने स्थान | GPS (निर्माण स्थल परिवर्तन भएमा) | जग्गाको नाप (मिटर) | |
|---|---|---|---|---|
| | | | लम्बाई | चौडाई |
| गँड्यौला मल पिट | | | | |
| भकारो सुधार | | | | |
| नर्सरी स्थापना | | | | |
| अन्य | | | | |
| ग्रीन हाउस निर्माण | | | | |
| | | | | |
| | | | | |

| **श्रोत तथा सामग्रीहरुको स्थानीय स्तरमा उपलब्धता** | | |
|---|---|---|
| **आवस्यक श्रोत तथा सामग्रीहरु** | **पाईने स्थान** | **दुरी (कि.मी)** |
| १. गिट्टी | | |
| २. बालुवा | | |
| ३. ढुंगा | | |
| ४. बाँस | | |
| ५. बजार सामग्री | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |
| ११. | | |

| **अन्य प्राविधिक पक्षहरु** | |
|---|---|
| के योजना संग सम्बद्ध सामुदायिक/राजनैतिक विवाद छ? | ☐ छ ☐ छैन<br><br>१. |

| | |
|---|---|
| यदि छ भने उल्लेख गर्ने | २.<br>३. |
| | |
| | |
| | |
| | |

# लाभन्वित घरधुरी तथा जनसङ्ख्या

कार्यक्रमको नाम
गाउँपालिका/नगरपालिका
वार्ड नं

| क.स | नाम | वार्ड नं | जनसंख्या | | | | अपाङ्गता भएका व्यक्ति | ग्रीन हाउस को सङ्ख्या | लम्बाई | चौडाई | जग्गाको उपलब्धता (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | अन्य | जम्मा | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |

## अनुसूची ३: कार्यान्वयन चरणको सम्झौतापत्रको नमुना

**............ गाउँपालिका/नगरपालिका**

# गाउँ/नगर कार्यपालिकाको कार्यालय

............., .........

..................... प्रदेश

**जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना**

अन्तर्गत ........................ गाउँपालिका/नगरपालिका, वडा नं. ...... मा कार्यान्वयन हुने

## कृषि-वन र जीविकोपार्जन योजनाका क्रियाकलापको

# कार्यान्वयन चरणको सम्झौतापत्र

## आर्थिक वर्ष............/................

☐ जलवायू मैत्री घर बगैंचा ☐ जलवायू मैत्री सिँचाइ प्रविधि ☐ जलवायू मैत्री हरित घर

☐ कृषि-वन तथा फलफुल ☐ भकारो सुधार ☐ अन्य प्रविधि तथा अभ्यासहरु

**योजनाको नाम: .................................................................**

**योजना रहेको स्थान: .....................नगरपालिका/गाउँपालिका र वडा नं:.................**

**लाभान्वित संख्या घरधुरी: ........................... जनसंख्या: ............................**

**सम्झौताको अवधि: ............................ देखि ........................... सम्म**

**सम्झौता भएको मिति: ...........................................................**

| योजनाको नाम : | | | |
|---|---|---|---|
| योजनाको कोड नं. | | योजनाको किसिम : | ☐ नयाँ ☐ मर्मत |
| योजना संचालन हुने स्थान : | | | |

लाभान्वित घरधुरी र जनसंख्या विवरणः

| लाभान्वित समुदाय | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| ब्रा/क्षे/ठ/स | | | | |
| दलित | | | | |
| जनजाती | | | | |
| अन्य | | | | |
| जम्मा : | | | | |

उपभोक्ता समिति संरचना

| विवरण | ब्राह्मण/क्षेत्री | | दलित | | जनजाती | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| पदाधिकारी | | | | | | | | | | |
| सदस्यहरू | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

प्रस्तावित संरचनाहरुः

| संरचनाहरु | इकाई | परिमाण | कैफियत (अन्य सूचनाहरु) |
|---|---|---|---|
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**योजनामा योगदान हिस्सा :**

| अनुमानित लागतको स्रोतहरु | लगानी हुने रकम (ने.रु.) | प्रतिशत (%) |
|---|---|---|
| • नेपाल सरकार | | |
| • फिनल्याण्ड सरकार/युरोपियन युनियन | | |
| • गाउँपालिका/नगरपालिका | | |
| प्राकृतिक स्रोत विकास कोष **जम्मा (क+ख+ग) =** | | |
| • कृषक समूह/उपभोक्ता समिती नगद लगानी | | |
| • लाभान्वित घरधुरी जनश्रमदान | | |
| **कुल जम्मा (क.+ख.+ग.+घ.+ङ+च.) =** | | |

**गाउँपालिका/नगरपालिका बाट लाभान्वित घरधुरीलाई गरिने किस्तावन्दी भुक्तानीः**

| किस्ता | रकम रु. | रकम भुक्तानी हुने अवस्था |
|---|---|---|
| **पहिलो (६०%)** | | कार्यान्वयन चरणको सम्झौता पश्चात खरिद कार्यविधि बमोजिम सप्लायर र कृषक समूह/उपभोक्ता समितिबीच खरिद सम्झौता सम्पन्न भएपछि । |
| **अन्तिम (अधिकतम ४०%)** | | पहिलो किस्ताको खर्च सम्बन्धि आवश्यक बिल,भर्पाई प्राप्त भएको, योजनाको सम्पूर्ण काम सम्पन्न भई अन्तिम नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन |

| | | |
|---|---|---|
| | | तयार भई पेश भएको, अन्तिम अनुगमन र सार्वजनिक परीक्षण सम्पन्न भइ अनुगमन टोलीबाट सिफारिस भएपछ |
| **जम्मा (१००%)** | | |

हस्ताक्षरः ........................................

कृषक समूह/उपभोक्ता समितिको तर्फबाट

अध्यक्ष

मितिः

छाप

हस्ताक्षरः ......................................

गाउँपालिका/नगरपालिकाको तर्फबाट

प्रमुख प्रशासकीय अधिकृत

मितिः

छाप

# ........... नगर/ गाउँपालिका

नगर/गाउँ कार्यपालिकाको कार्यालय

................. जिल्ला, .................... प्रदेश, नेपाल

## कार्यान्वयन चरणको सम्झौतापत्र

**योजनाको नामः-** ................................................................ योजना

यो सम्झौता पत्र (यस पछि "सम्झौता") मिति २०८२ साल .....महिनाको ..... गतेका दिन ........ नगर/ गाउँपालिका/जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना (LACCP) (यस पछि "नगर/गाउँपालिका") र अर्को पक्ष "श्री .................................. कृषक समुह (यस पछि "समूह") वीच ................ नगर/ गाउँपालिकाको वडा न........ को .............. वस्तीमा .......... घरधुरी लावान्वितहुने गरी संचालन हुने .................................. योजना सम्पन्न गर्न भएको छ । यो सम्झौता दुवै पक्षहरुबाट हस्ताक्षर भएका मिति देखि लागू हुनेछ ।

**१. पृष्ठभूमि**

........................... योजना निर्माण सहयोगका लागि गाउँपालिका/LACCP को २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ......................... निर्माण योजना संचालनार्थ गठन गरिएको श्री ........................ कृषक समुह गााउँपालिका परियोजना व्यवस्थापन समिति (PMC) बाट सिफारिस गरिए अनुसार यो सम्झौता गरिएको छ ।

**२. सम्झौता गर्ने पक्षधरहरु**

जलवायु मैत्री कृषि प्रणाली मार्फत आयआर्जन बृदिका लागि ..................................... निर्माण योजना संचालनको लागि ......................... नगर/ गाउँपलिका र ................................ कृषक समुह बीच यसै सम्झौतामा उल्लेख भएका शर्तहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

**३. योजनाको समयावधि**

यो सम्झौता अनुसार आयआर्जनका लागि ................................. निर्माण योजना ३ महिना भित्र कार्यान्वयन गरी सम्पन्न गरिने छ । विशेष परिस्थीतिमा दुबै पक्षको लिखित सहमतीमा यो सम्झौताको अवधि थपघट हुन सक्ने छ । उपरोक्त अनुसारको सहमती नभएसम्मका लागि यो योजनाको अवधि निम्नानुसार हुनेछ ।

| | |
|---|---|
| शुरु मिति : | |
| सम्पन्न हुने मिति : | |

**४. योजनाको बजेट**

यो योजनाको कुल लागत अनुमान नेपाली रु. ........................ रहेको छ । जसमा ६० प्रतिशत अर्थात नेपाली रु. ................... नगर/गाउँपालिका प्राकृतिक स्रोत विकास कोष (NRDF) बाट लगानी गरिनेछ र बाँकी ४० प्रतिशत अर्थात नेपाली रु. ................... योजनाका सेवाग्राहीहरुले जनश्रमदान तथा नगद मार्फत व्यहोर्नुपर्ने छ ।

**५. कार्यान्वयन प्रवन्ध**

५.१ सम्झौता बमोजिम प्राप्त रकम योजनाको उद्देश्यका लागि मात्र खर्च गर्नुपर्नेछ ।

५.२ समूहले नेपाल राष्ट्र वैंकबाट स्विकृती प्राप्त कुनै पनि बैकमा समुहको नाममा खाता खोल्ने छ र स्वीकृत अनुदान रकम उक्त खातामा जम्मा गर्नका लागि सो को पूर्ण विवरण सम्बन्धित नगर/गाउँपालिकाको लेखा शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

५.३ समूहले उसलाई प्राप्त भएको रकम कुनै किसिमको दुरुपयोग, जफत, क्षतिपूर्ति, वा बाँडफाँड हुने छैन भन्ने कुराको सुनिश्चितता गर्नुपर्ने छ ।

५.४ योजनाको वित्तिय कारोबारहरुको लेखा प्रचलित "दोहोरो लेखा प्रणाली" मापदण्ड अनुसार राख्नुपर्ने छ र सो को पुष्ट्याईका लागि आवश्यक कागजपत्र तथा प्रमाण संलग्न गर्नुपर्ने छ ।

५.५ योजना सम्झौतामा उल्लेख भए अनुसार प्राप्त रकमको उचित परिचालन गर्ने उत्तरदायित्व समूहको हुने छ । यदि पूर्ण वा आंशिक रुपमा योजनामा तोकिएको उद्देश्य बाहेक अन्यत्र प्रयोग भएको पाइएमा सम्बन्धित गाँउपालिका/जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजनाले सरकारी वाँकी सरह असुल उपर गर्ने छ ।

५.६ वित्तिय कारोबार अन्तर्गत खरिद, भुक्तानी, अनुगमन, व्यवस्थापन प्रकृया योजना सम्झौतामा उल्लेख भएको, परियोजनाको परियोजना कार्यान्वयन निर्देशिका वा अन्य सम्बन्धित परियोजना दस्तावेजहरुमा उल्लेख भएको र दुवै पक्षको लिखित मञ्जुरीमा परिवर्तन गरेको बाहेक, यसै सम्झौताको सेवाशर्त अनुसार गर्नु पर्ने छ ।

५.७ योजना अन्तर्गत समूहले खरिद गरेका सम्पूर्ण सामाग्रीहरु सुरक्षित राख्ने तथा क्षति र दुरुपयोग हुनबाट रोक्ने जिम्मेवारी समुहको हुने छ ।

**६. कृषक समूह/उपभोक्ता समितिको भूमिका, जिम्मेवारी र कर्तव्यहरू:**

६.१ योजनाको लागि सामुदायिक कार्ययोजना (CAP) तयार गर्ने र सोही अनुसार क्रियाकलापहरू सम्पन्न गर्न प्रयास गर्ने।

६.२ सामुदायिक कार्ययोजनामा उल्लेख गरिएको समय सीमाभित्र तोकिएको गुणस्तरको बाह्य निर्माण सामग्रीको खरिद, ढुवानी र भण्डारण गर्ने; स्थानीय निर्माण सामग्रीको संकलन र ढुवानी गर्ने; सामग्री तथा औजारहरूको मौज्दात अभिलेख राख्ने; र सबै आय-व्ययको उचित स्रेस्ता दुरुस्त राख्ने पूर्ण जिम्मेवारी कृषक समूह/उपभोक्ता समितिको हुनेछ।

६.३ बाह्य सामग्रीहरू जलवायु परिवर्तन अनुकूलन परियोजनाद्वारा स्वीकृत "बाह्य सामग्री खरिद कार्यविधि २०८२" मा उल्लेखित प्रक्रिया बमोजिम मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका वितरक/उत्पादक/आधिकारिक बिक्रेताहरूबाट प्रतिस्पर्धात्मक शिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गरिनेछ। सामग्री ढुवानी गर्नु अगाडि कृषक समूह/उपभोक्ता समितिले प्राविधिकको सहयोगमा गुणस्तर सुनिश्चित गर्नुपर्नेछ। सबै आर्थिक कारोबारको सार्वजनिक लेखापरीक्षण (Public Audit) गरिनुपर्नेछ। (बाह्य निर्माण सामग्री खरिद प्रक्रियामा दरभाउपत्र फाराम खरिद गर्दा आपूर्तिकर्ताहरूले तिरेको रकम गाउँपालिका/नगरपालिकाको सम्पत्ति हुनेछ।) योजना कार्यान्वयनको क्रममा प्रचलित सरकारी नियम र कानुनका प्रावधानहरू पालना गर्नुपर्नेछ।

६.४ नगरपालिका/परियोजना कर्मचारीहरूले दिएको निर्देशन पालना गर्ने।

६.५ योजनाको प्रगति प्रतिवेदन र खर्चको विवरण तयार गरी सबै सरोकारवालाहरूलाई जानकारी गराउन सार्वजनिक सुनुवाइमा प्रस्तुत गर्ने।

६.६ सम्झौता भएको निर्धारित समयभित्रै योजना सम्पन्न गर्ने।

६.७ योजनाको दिगोपन सुनिश्चित गर्न समूहले प्रत्येक वर्ष वार्षिक कार्ययोजना, उत्पादन योजना र बजार योजना (व्यावसायिक योजना) तयार गरी कार्यान्वयन गर्ने र सोको प्रगति प्रतिवेदन सम्बन्धित नगरपालिकामा पेश गर्ने।

६.८ यदि सम्बन्धित नगरपालिकाभित्र कुनै बलियो र सक्षम सहकारी संस्था स्थापित छ भने, समूहले सबै परियोजना सदस्यहरूलाई उक्त सहकारीमा आबद्ध हुन र त्यसैमार्फत आवश्यक सेवाहरू लिन प्रोत्साहित गर्नेछ।

६.९ समूहले योजनालाई दिगो रूपमा सञ्चालन गर्न र निरन्तर आम्दानी सिर्जना गर्न आवश्यक कार्यविधिहरू बनाई लागू गर्नेछ। मर्मतसम्भार, बीउ-बिजन, मलखाद, सिँचाइ, आवश्यक औजार, तालिम र बजारीकरणको व्यवस्थापनमा विशेष जोड दिइनेछ।

## ७. गाउँपालिका/नगरपालिका/वडा कार्यालयको भूमिका र जिम्मेवारीहरू

- यस सम्झौतामा उल्लेख भए बमोजिमको रकम किस्ताबन्दीमा NRDF बाट कृषक समूह/उपभोक्ता समितिलाई उपलब्ध गराउने।
- कृषक समूह/उपभोक्ता समितिद्वारा संचालित कार्यशैली, कार्यसम्पादन स्तर, निर्माण सामग्री र कामको गुणस्तरको नियमित रूपमा सुपरिवेक्षण तथा अनुगमन गर्ने।
- कृषक समूह/उपभोक्ता समितिलाई समयमै भुक्तानी उपलब्ध गराउनका लागि PIG को चरणबद्ध कार्यतालिका अनुसार अनुगमन गर्ने।
- कार्यक्षेत्रमा खटिएका कर्मचारीहरूको व्यावसायिक दक्षता र अनुशासन सुनिश्चित गर्ने।
- मनासिब कारणवश निर्माण कार्यमा ढिलाइ भएमा समय थप (म्याद थप) गर्ने; तर, यसरी म्याद थप गरिएकोमा कुनै थप लागत (अतिरिक्त रकम) उपलब्ध गराइने छैन।
- स्थानीय स्रोत परिचालन गर्न र गाउँपालिका/नगरपालिकाबाट आवश्यक अनुमति तथा स्वीकृति प्राप्त गर्न कृषक समूह/उपभोक्ता समितिलाई पूर्ण सहयोग पुर्‍याउने।
- यस सम्झौतामा उल्लेख भए बमोजिम गाउँपालिका/नगरपालिकाले लगानी गर्नुपर्ने रकम नेपाल सरकार र फिनल्याण्ड सरकारबाट निकासा नभएको खण्डमा, आवश्यक रकम गाउँपालिका/नगरपालिकाको आन्तरिक कोषबाट कृषक समूह/उपभोक्ता समितिलाई उपलब्ध गराइनेछ र पछि सो रकम शोधभर्ना (Reimbursement) गर्ने व्यवस्था मिलाइनेछ।
- योजना कार्यान्वयन गर्ने पालिकाका कर्मचारी वा कृषक समूह/उपभोक्ता समितिको कार्यसम्पादन सन्तोषजनक नपाइएमा NRDF बाट निकासा हुने रकम रोक्का गरिने वा कटौती गरिनेछ।
- कृषक समूह/उपभोक्ता समितिद्वारा सम्पादित कार्यहरूको सुपरिवेक्षण तथा अनुगमनमा सहभागी हुने।
- कृषक समूह/उपभोक्ता समितिको कार्यसम्पादन सन्तोषजनक नपाइएमा NRDF बाट निकासा हुने रकम रोक्का वा कटौती गरिनेछ।
- योजना कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरी र त्रुटिहरू सच्याउनका लागि कर्मचारी र कृषक

## ८. समूह/उपभोक्ता  समितिलाई सुझाव तथा निर्देशनहरू दिने।

- चरणबद्ध निर्देशिका र सामुदायिक कार्ययोजना अनुसार परियोजना क्षेत्रमा तालिम, कार्यशाला तथा बैठकहरू सञ्चालन गर्ने।
- खरिद प्रक्रियाका क्रममा निर्माण सामग्रीको गुणस्तर पहिचान गर्न कृषक समूह/उपभोक्ता समितिलाई सहयोग गर्ने र सञ्चालित क्रियाकलाप, संरचना तथा स्थानीय रूपमा प्रयोग गरिएका निर्माण सामग्रीहरू तोकिएको मापदण्ड अनुसार भए नभएको सुनिश्चित गर्ने।
- सामग्रीको भण्डारण व्यवस्थापन, अभिलेख स्रेस्ता दुरुस्त राख्ने, आय–व्ययको उचित हिसाब राख्ने र निर्धारित समयभित्र सार्वजनिक लेखापरीक्षण (Public Audit) गराउन कृषक समूह/उपभोक्ता समितिलाई सहयोग गर्ने।
- सबै बैठक र भेलाका निर्णयहरू उचित ढङ्गले माइन्युट (अभिलेख) गरिएको सुनिश्चित गर्ने।
- योजनाको प्राविधिक पक्षका सम्बन्धमा कृषक समूह/उपभोक्ता समितिलाई आवश्यक पर्ने सबै प्रकारका प्राविधिक सहयोग उपलब्ध गराउने।
- योजनाको नापी किताब (Measurement Book) तयार गर्ने।
- योजना क्षेत्रको अनुगमन कार्यमा सहभागी हुने।
- समुदाय परिचालन र आयआर्जनका क्रियाकलापहरूमा आवश्यक सहयोग पुर्‍याउने।
- गाउँपालिका/नगरपालिकामा मासिक रूपमा प्रगति प्रतिवेदन पेश गर्ने।
- योजनालाई तोकिएको समयभित्र, गुणस्तरीय र पारदर्शी ढङ्गले सम्पन्न गर्न सुनिश्चितताका लागि देहायका व्यक्तिहरू परिचालन गरिनेछ:

**९. बजेट निकासा**

.......... नगर/गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाले उल्लेखित कृयाकलापहरु संचालन गर्ने गरी दुई किस्तामा सम्झौता बमोजिम रकम उपलब्ध गराउने छ ।

| क्र.स. | विवरण | रकम रू | रकम निकासा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो किस्ता (६० प्रतिशत) | | सम्झौतामा हस्ताक्षर भई सामान खरिद प्रक्रियामा गई सके पश्चात | |
| २ | दोस्रो किस्ता ( अधिकतम ४० प्रतिशत) | | योजना सम्पन्न भई अन्तिम नापी किताव तयार भए पश्चात | |
| | जम्मा (१००%) | | | |

यसरी पहिलो किस्ता माग गर्दा समूहले योजनाले समेट्ने सबै घरधुरीहरुबाट कम्तिमा पनि ७५ प्रतिशत उपस्थिति जसमा महिलाको कम्तिमा ५० प्रतिशत उपस्थित भएको आमभेला बोलाई सामुदायिक कार्य योजना बनाई अनुमोदन गरी भेलाको निर्णय सहित अन्य आवश्यक निर्णयको प्रतिलिपी पेश गर्नु पर्ने छ । र दोस्रो वा अन्तिम किस्ता माग गर्दा गाउँपालिका/ जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजनाको अनुगमन टोली, उपभोक्ता र निर्माण समितिको उपस्थितिमा कामको मूल्याँकनका साथै प्रगति प्रतिवेदन र पहिलो किस्ता वापत प्राप्त भएको रकमको आय ब्यय तथा अन्य भएको खर्चको हिसाव किताव प्रस्तुत गरी आम भेलाबाट अनुमोदन गरेको निर्णय समेतको अन्तिम नापी किताव तयार गरी सम्पन्न प्रतिवेदन लगायत अन्य आवश्यक कागजात र फोटो जस्ता प्रमाणहरु पेश गर्नु पर्ने छ ।

**१०.सम्झौताको खारेजी र असुलउपर गर्ने**

यो सम्झौता तल उल्लेखित अबस्थाहरुमा खारेजी भएको मानिने छ साथै रकम असुलउपर गर्नु पर्ने भएमा रकम उसुलउपर गरिने छ ।

- समूहले सम्झौताका बुँदाहरु उलङ्घन गर्यो र यसलाई सच्याउन नगर/गाउँपालिकाले जानकारी गराएको १५ दिनसम्म पनि यसको समाधान गर्न उचित कदम चालेन वा समाधानको उपाय पत्ता लागेन भने यो सम्झौता खारेज हुनेछ ।
- यदि सम्झौतामा संलग्न पक्षहरु मध्ये कुनै एकको अत्यन्तै खराव आचरणका कारणबाट परियोजना बदनाम भएमा सम्झौता खारेज हुने छ ।
- सम्झौतामा उल्लेख भए अनुसार दायित्व पूरा गर्न नसकेर सम्झौता खारेज भएको अवस्थामा, योजनाको कार्यान्वयनका लागि समुहले लिइएको सम्पूर्ण रकम नगर/गाउँपालिकाले सूचना गरेको सात कार्यदिन भित्र सम्बन्धित कार्यालयको खातामा दाखिला गर्नु पर्ने छ ।
- यदि समूहले तोकिएको समयसिमा भित्र रकम फिर्ता नगरेमा विद्यमान कानून बमोजिम नगर/गाउँपालिकाले सो रकम असुलउपरका लागि आवश्यक कारवाही प्रकृया अगाडी बढाउने छ ।

**११. हस्ताक्षर**

यस सम्झौतामा उल्लेख भएका प्रावधान तथा शर्तहरु मञ्जूर गरी देहायका पक्षहरुको तर्फबाट यस सम्झौतामा हस्ताक्षर गरी सम्झौता गर्ने हरेक पक्षले एक एक सक्कल प्रति बुझिलियौं ।

**कृषक समुहको तर्फवाट:**

**गाउँपालिका/नगरपालिका को तर्फवाट:**

हस्ताक्षर .................
नाम :
दर्जा: अध्यक्ष
बाजेको नामः
बावुको नामः
नागरिकता प्र.प.नं.
मिति:
उपभोक्ता समितिको छाप

हस्ताक्षर .................
नाम:
दर्जा: प्रमुख प्रशासकीय अधिकृत
मिति :
कार्यालयको छाप

**साक्षी:**

**वडा कार्यालयको तर्फवाट:**

हस्ताक्षर .................
नाम:
दर्जा : वडा अध्यक्ष
मिति:
कार्यालयको छाप

**परियोजनाको तर्फवाट:**

हस्ताक्षर .................
नाम :
दर्जा:
मिति:

**संलग्न दस्तावेजहरु:**

१. योजनाको सामुदायिक कार्ययोजना (CAP)
२. योजनाको स्वीकृत डिजाइन स्टिमेट